कार्यालयको नामः- श्री जिल्ला विकास समितिको कार्यालय, कैलाली

कार्यालय प्रमुखः- स्था.वि.अ.श्री कृष्णप्रसाद लम्साल
लेखा प्रमुखः- लेखा अधिकृत श्री कृष्णप्रसाद खनाल

## लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन

यस कार्यालयबाट सामाजिक विकास तथा बातावरण संरक्षण समाज धनगढीलाई भुक्तानी दिनु पर्ने भन्दा बढी भुक्तानी दिएको रु.११०१५०। लेखापरीक्षणको क्रममा बेरुजु दाखिला गराइएको छ।

1. **लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(२) को व्यवस्था अनुसार कार्यालयको आर्थिक वर्ष २०७१।७२ को विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य कारोबारको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस कार्यालयको लेखापरीक्षणबाट देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग मिति २०७२।०६।२२ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु समावेश गरी यो प्रारम्भिक प्रतिवेदन प्रेषित गरिएको छ ।
2. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** – कार्यालयको वित्तीय विवरण तयार गर्ने र पर्याप्त खुलासा सहित प्रस्तुत गर्ने जिम्मेवारी स्थानीय विकास अधिकारीको रहेको छ । पर्याप्त लेखा अभिलेख राख्ने, वित्तीय विवरण, जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतीकरण गर्ने र कार्यालयको सम्पत्तिको संरक्षण र परिचालन गर्ने दायित्व व्यवस्थापनको रहेको छ ।
3. **लेखापरीक्षकको जिम्मेवारी** – प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षण मान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्नु लेखापरीक्षकको जिम्मेवारी रहेको छ । व्यावसायीक आचारसंहिताको पालना गरी वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भनी आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी जोखिमका आधारमा तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने जिम्मेवारी रहेको छ ।
4. **लेखापरीक्षणको उद्देश्य** – विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार समेतको वित्तीय विवरणको लेखापरीक्षण गरी पर्याप्त र उचित प्रमाणका आधारमा कानूनको पालना भए नभएको र वित्तीय विवरणको प्रस्तुती यथार्थ रहे नरहेको विश्लेषण गरी सुझाउ सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।
5. **लेखापरीक्षणको क्षेत्र** – जिल्ला विकास समितिको कार्यालयमा प्राप्त विनियोजित रकम, राजस्व, धरौटी, कोष र अन्य आयको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन लगायत २०७१।०७२ का क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समाविष्ट गरिएको थियो ।
6. **लेखापरीक्षणको पद्धति र सीमा** – कार्यालयले सञ्चालन गरेका कार्यक्रम तथा आर्थिक कारोबारको जोखिमको आधारमा परीक्षण, छलफल सहित पद्धतिमूलक लेखापरीक्षण प्रणालीलाई अवलम्बन गरिएको थियो ।

लेखापरीक्षण, लेखा र आन्तरिक नियन्त्रणका अन्तरनिहित सीमितता तथा लेखापरीक्षणको प्रकृतिका कारण केही उल्लेखनीय त्रुटीहरु पत्ता नलाग्ने अवस्था भने विद्यमान रहने हुन्छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोरा

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| 7. | | **आय-व्ययको स्थिति -** आ.व.२०७१/७२ को आय-व्ययमा समावेश शिर्षकहरुको गत वर्षको जिम्मेवारी निकासा खर्च र बाँकीको अवस्था निम्न अनुसार रहेको छ। | | | |
| 7.1. | | (तालिका तल) | | | |
| 7.2. | | एकिकृत आय व्यय विवरण (तालिका तल) | | | |

**7.1.**

| सि. नं. | वजेट उपशिर्षक नम्वर | गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बाँकी | खर्चमध्ये पेश्की वाँकी |
|---|---|---|---|---|---|---|---|
| 1 | जि.वि.स. कोष / केन्द्र | 104134921.43 | 814071790.31 | 818206711.74 | 839995393.83 | 78211317.91 | 112713906 |

**7.2.**

<u>एकिकृत आय व्यय विवरण</u>

आ.व.२०७१/०७२

| आय विवरण | रकम रु | व्यय विवरण | रकम रु |
|---|---|---|---|
| १.गत बर्षको जिम्मेवारी | १०४१३४९२१।४३ | २.नेपाल सरकारको अनुदान | |
| २.नेपाल सरकारको अनुदान | | जि.वि.स. अनुदान चालु | ७५१३२६४०।६० |
| जि.वि.स. अनुदान चालु | ७५१३२६४०।६० | गा.वि.स.अनुदान चालु | १२६४८००००।०० |
| गा.वि.स.अनुदान चालु | १२६४८००००।०० | | |
| जम्मा | २०१६१२६४०।६० | अन्य खर्च | १२७२९०६२०।९४ |
| | | | |
| ३.आन्तरिक कोष | | केन्द्रिय बजेट अन्तर्गत खर्च | ५०८३७७५६२।०० |
| क. कर,दस्तुर सेवा शुल्क, | ४९५८९२७०।४८ | धरौटी खर्च | ५२६३१९।०० |
| ख.राजश्व बाडफाड | ३८८४०२७६।४४ | समायोजन खर्च | २१८८२५१।२९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | ८८४२९५४६।९२ | बैक बाकी | ७८२११३१७९१ | | | | |
| | | | | | आन्तरिकको रु.४८६४८३२२।३० | | | | | |
| | | | ४.अन्य श्रोत | | विविध रु.११४०३६३८।६१ | | | | | |
| | | | ग्रामीण जलश्रोत व्यवस्थापन फिनल्याण्ड र जि.वि.स.कोष | १२८३०४५१।५१ | धरौटी खाताको रु.७२३८००८।५७ | | | | | |
| | | | सडक बोर्ड | १५००००००।०० | समायोजन खाताको रु.१०९२१३४८।४३ | | | | | |
| | | | उर्जा तथा वातावरण | ८११३००।९० | | | | | | |
| | | | व्याजबाट | ५१।६० | | | | | | |
| | | | गतको पे.फ.बाट | २४०००।०० | | | | | | |
| | | | समायोजन खाता | २७३७९९४।४२ | | | | | | |
| | | | मानव संशाधन विकास कोष | १०००००।०० | | | | | | |
| | | | मर्मत सम्भार कोष | ७०००००।०० | | | | | | |
| | | | कर्मचारी कल्याण कोष | २५४३९६२।३६ | | | | | | |
| | | | उपेक्षित उत्पिडित दलितवर्ग उत्थान | ११२००००।०० | | | | | | |
| | | | ग्रामीण जलश्रोत व्य.इकाई कोष | २५००००।०० | | | | | | |
| | | | द लुथरन वर्ल्ड फेडरेसन | ५००००।०० | | | | | | |
| | | | **जम्मा** | **२२६६७७६०।७९** | | | | | | |
| | | | धरौटी | २७०२७९७।०० | | | | | | |
| | | | केन्द्रिय बजेट अन्तर्गत निकासा | ४९८६५९०४५।०० | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | **जम्मा** | **९१८२०६७११।७४** | | **९१८२०६७११।७४** | | | | |

7.3. उल्लेखित आय-व्यय विवरणमा वर्तमान विकेन्द्रीत व्यवस्था अनुसार निँक्षेपित कार्यक्रमको जिल्ला स्थित ५ वटा कार्यालयहरुलाई निकासा दिएको रु. ७६०९०३४२०।०० समावेश भएको छैन ।

| सि.नं. | कार्यालयको नाम | रकम |
|---|---|---|
| १ | जिल्ला शिक्षा कार्यालय | ४९९८८७७३८.०० |
| २ | जिल्ला स्वास्थ्य कार्यालय | २०२०५१६८२.०० |
| ३ | जिल्ला पशु सेवा कार्यालय | २९५०००००.०० |
| ४ | जिल्ला कृषि विकास कार्यालय | २७५०००००.०० |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय | १९६४०००.०० |
| | **जम्मा** | **७६०९०३४२०.००** |

8. **बैंक मौज्दात फरक:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आ.व. का लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । माथि उल्लेखित आय–व्यय विवरणमा स्रेस्ता बमोजिम रु. ७८२११३१७.९१ मौज्दात देखिएकोमा पेश भएको बैंक स्टेटमेन्ट अनुसार रु. १०६३१५०७४.९६ मौज्दात देखिएको छ । श्रेस्तामा भन्दा बैकमा वढी देखिएको रु.२८१०३७५७०५ हिसाव मिलान भएको छैन । बैकमा वढी देखिएको सम्वन्धमा कार्यालयले सबै श्रेस्ताको बैंक समायोजन हिसाब तयार गरी पेश गरेको छैन । जिल्ला विकास समितिले यसरी बढी बैंक मौज्दात देखाएकोमा बैंक समायोजन हिसाब तयार नगरी लेखा राख्नु नै मुख्य कारण रहेको पाइन्छ । बैक समायोजन विवरण तयार गरी श्रेस्तामा पुष्ट्याइ सहित बढी देखिएको रकमलाई अध्यावधिक गरी नगर्दा श्रेस्ताले अध्यावधिक सूचना प्रदान नगर्ने तथा बैङ्कमा वढी देखिएको रकम हिना मिना हुन सक्ने जोखिम देखिन्छ । उक्त व्यहोरा गत विगतको अन्तिम लेखापरिक्षण प्रतिवेदनमा समेत औल्याएकोमा सुधार भएको छैन । यस सम्वन्धमा तालुक कार्यालयले समेत ध्यान दिई यथाशिघ्र बैंक समायोजन विवरण तयार गरी पेश गर्नु पर्ने रु. 28103757.05

## क) राजश्व खण्ड

9. **राजश्व तर्फ**

| शिर्षक | असुली | दाखिला | बांकी |
|---|---|---|---|
| १५१११ | ८९२२६९८ | ८९२२६९८ | ० |
| १५११२ | ४४६९०० | ४४६९०० | ० |
| जम्मा | ९३६९५९८ | ९३६९५९८ | ० |

## ख) धरौटी खण्ड :

10. **धरौटी सम्बन्धमा**: गत वर्षको धरौटी मौज्दात रु. ५०६१५३०।५७ रहेको र यस वर्ष रु.२७०२७९७ थप भई रु. ७७६४३२७।५७ रहेकोमा रु.५२६३१९।०० फिर्ता भई रु.६७७३०४८।५७ बांकी देखिएको छ । श्रेष्ता र बैक मौज्दातमा देखिएको फरक रु. ४६४९६०।०० मिति २०७२ श्रावणमा बैक दाखिला भै हिसाव मिलान भएको छ ।

## ग) आय खण्ड :

11. **आन्तरिक आयतर्फः** जिल्ला विकास समितिको कार्यालय कैलालीमामा यस वर्ष कर दस्तुर, सेवा शुल्क र भाडावाट रु. ४९५८९२७०।४८ र राजश्व बांडफांड वाट रु. ३८८४०२७६।४४ समेत रु. ८८४२९५४६।९२ आम्दानी गरेको श्रेस्ता बाट देखिन्छ । उक्त आय सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

11.1. **आय व्यवस्थापनः-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद ४ नियम ६० मा जिल्ला विकास समितिले आम्दानी तर्फ राख्नु पर्ने स्रेस्ताको ढांचा अनुसुची तोकिएको छ । कार्यालयले आम्दानीको लागि प्रयोग हुने अनुसूची १०, ११, १२, १४ र १५ प्रयोगमा ल्याएको छैन । गत विगत वर्ष देखिनै रसिदवाट सोझै दाखिला गर्ने गरेको जनाएको छ । तोकिएको अनुसूचीहरु प्रयोगमा नल्याउनाले आम्दानीको दूरुपयोग हुन सक्ने देखिन्छ । कार्यालले तोकिएका अनुसूचीहरु प्रयोगमा ल्याई आम्दानीको अभिलेख राख्नु पर्दछ ।

11.2. **बक्यौता असुली :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमाावली २०६४ को नियम १७२(१) मा जिल्ला विकास समितिले विभिन्न कारणवाट असूल हुन नसकि बाकी रहेको बक्यौता रकम असुल गर्न वक्यौता असुली कार्य योजना वनाइ रकम असुल उपर गर्नु पर्ने उल्लेख छ । तर यो वर्ष निम्नानुसारका निर्माण व्यवसायी तथा व्यक्तिहरुबाट उठन बाकी रकम नउठेकोले नियमानुसार असुल गर्नुपर्ने रु

| पार्टी /व्यक्तिको नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| मल्ल निर्माण सेवा | ढुंगा , गिट्टी बालुवा ठेक्का | ४६६१५९०।०० | मुद्धा परेकोले फैसला हुन बाकी |
| बासुदेव भट्ट | सटर न.८ ए भाडा | १५०००।०० | जेष्ठ र आषाढको बाकी |
| योगेन्द्र गिरी | सटर नं.१ सी | ५३४००।०० | बसाख देखि आषाढ सम्म बाकी |
| लाल बहादुर खडका | सटर नं.२/३ सी | ३८०००।०० | आषाढ महिनाको बाकी |
| राम बकस राना | सटर नं.१ वि | १५०००।०० | जेष्ठ र आषाढ महिनाको बाकी |
| जम्मा | | ४७८२९९०।०० | |

४७८२९९०।००

ठेक्का रकम असुली तर्फ ध्यान दिन नसक्नु यसको कारण हो । समयमै उठ्न पर्ने बाकी वक्यौता रकम नउठमा विकास निर्माण कार्यका रकमको अभाव भई कार्यमा अबरोध हुन सक्ने देखिन्छ । तसर्थ कार्यालयले यथाशिघ्र उक्त बाकी बक्योता रु.4782990/- असुल गर्नुपर्दछ ।

11.3 **मुल्यअभिबृद्धि करः** मुल्यअभिबृद्धि कर ऐन,२०५२ को दफा १५(३) अनुसार स्थानीय निकाय वा नेपाल सरकारले कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा कर असुल गर्नुपर्नु व्यवस्था छ । यो वर्ष निम्नानुसारका कर लाग्ने वस्तुको विक्री स्विकार गर्ने व्यवसायीबाट 1492910.00

प्राप्त भएको मूल्यअभिबृद्धि कर जिल्ला विकास समितिको कार्यालयको आन्तरिक आय खातामा रहेको पाईएकोले राजस्व दाखिला गर्नुपर्ने रु.

| व्यवसायीको नाम | विवरण | प्राप्त मू.अ.कर |
|---|---|---|
| शुभकामना कन्स्ट्रक्सन, गोदावरी | भारतबाट आयात हुने माछामा स्थानीय विकास शुल्क ठेक्का | ४२३१५०।०० |
| शुभकामना कन्स्ट्रक्सन, गोदावरी | पशु चौपाया निकासी ठेक्का | ४२९१३०।०० |
| न्यू स्टार कन्स्ट्रक्सन | ढुंगा,गिट्टी निकासी ठेक्का | ५८५७२०।०० |
| तेडी निर्माण सेवा | ढुंगा,गिट्टी निकासी ठेक्का | ५४९१०।०० |
| जम्मा | | 1492910.00 |

11.4 मूल्यअभिबृद्धि कर २०५२ को दफा १५(३) अनुसार स्थानीय निकाय वा नेपाल सरकारले कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा कर असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष निम्नानुसारका व्यवसायी तथा सेवा खरिदकर्ताबाट वस्तु तथा सेवा विक्री वापत प्राप्त रकममा मूल्यअभिबृद्धी कर असुल नभएको हुदा असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| व्यवसायीको नाम | विवरण | सम्झौता | लिन बाकी मूल्यअभिबृद्धी कर |
|---|---|---|---|
| सि.भी.ट्रेडर्स एण्ड सप्लायर्स | बेजिल्ला निकासी ठेक्का | २५३९१५१।०० | ३३००८९।६३ |
| राम विनय सहनी | मोहना नदीमा माछा ठेक्का | ४७७०००।०० | ६२०१०।०० |
| रवि कन्स्ट्रक्सन | कृषि तथा पशु जन्य निकासी ठेक्का | १३५५११९३।०० | १७६१६५४।८३ |
| सोमराज रैदास | ह्ाड सिह खुर निकासी ठेक्का | ३१६०००।०० | ४१०८०।०० |
| गोविन्द कुवर | सुगरको जगर संकलन ठेक्का | ३२८००।०० | ४२६४।०० |
| मल्ल निर्माण सेवा | ढुंगा ,गिट्टी ठेक्का | ९३००१५९।०० | १२०९०२०।६७ |
| न्यू स्टार कन्स्ट्रक्सन | ढुंगा ,गिट्टी ठेक्का ( रु.५८५७२०।००मु.अ.कर प्राप्त | ८२०००००।०० | ४८०२८०।०० |
| तेडी निर्माण सेवा | ढुंगा ,गिट्टी ठेक्का ( रु.५४९१०।००मु.अ.कर प्राप्त | १८०७०००।०० | १८००००।०० |
| जम्मा | | ३६२२३३०१।०० | ४०६८३९९।४३ |

4068399.43

12. **राजश्व बाँडफाँड सम्बन्धमाः**

12.1. **राजश्व बाँडफाँड रकम :** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २११ मा ऐनको दफा २२० बमोजिम राजश्वको बाँडफांड गर्दा सम्बन्धित जिल्ला विकास समितिले गर्नुपर्ने र सो खाताबाट नियमावलीको अनुसुची २६ बमोजिम सम्बन्धित जिल्ला विकास समितिलाइ रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । त्यसैगरी अनुसूची - २६ मा घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट उठेको कुल राजश्वको

हिसावले मालपोतबाट प्राप्त हुनुपर्ने र वन क्षेत्रबाट उठेको वन पैदावारको रोयल्टी रकमको १० प्रतिशत जिल्ला वन कार्यालयबाट प्राप्त हुनुपर्ने व्यवस्था छ । यस बर्ष कार्यालयलाइ राजश्व बाँडफांड बापत मालपोत कार्यालयबाट रु.२५९९५४५०।५३ र जिल्ला वन कार्यालयबाट रु.१२८४४८२५।९१ प्राप्त गरी आम्दानी बाँधेको देखियो । नियमावली अनुसार रजिष्ट्रेशन दस्तुरको कुल असुली र वन रोयल्टीको कुल असुलीवेगर जिल्ला विकास समितिले पाउने रकम भनी सम्बन्धित कार्यालयबाट पठाएको आधारमा बैङ्क स्टेटमेन्ट अनुसारका आम्दानी बाँधेको देखियो। नियमावलीले तोके बमोजिमको कुल असुली नखुलेबाट प्राप्त हुनुपर्ने रकम सबै प्राप्त वा घटी /बढी प्राप्त भयो भनी यकिन गर्न सकिने आधार भएन। कुल असुली र प्रतिशत खुलाइ आम्दानी बाँध्नु पर्ने देखिन्छ।

12.2. **भूमी व्यबस्थापन सुदृढीकरण योजना बेगर भुक्तानी** : स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २११ मा राजश्व बांडफांडको रकम सम्बन्धित राजश्व असुल गर्ने कार्यालयले छुट्टै बैंक खाता खोली जम्मा गर्नुपर्ने र सो खाताबाट अनुसूची–२६ बमोजिम सम्बन्धित जिल्ला विकास समितिलाई उपलव्ध गराउनु पर्ने र सो रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ । कार्यालयले जिल्ला मालपोत कार्यालय, कैलालीबाट यस वर्ष रजिष्ट्रेशन वापतको दस्तुर मध्ये असुली भएको रकमको ५% ले हुने रकम भुमि व्यवस्थापन सुदृढिकरण योजना बनाइ फिर्ता गरेको देखिएन ।

12.3. **राजस्व बाँडफाडबाट विशेष कोषमा रकम ट्रान्सफर**: जिबिसको आन्तरिक आयबाट स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ५४ अनुसार खडा गरिएको कोषमा रकम दाखिला गर्नुपर्दछ। यो वर्ष जिबिसले राजस्व बाँडफाँड वापत प्रा प्त हुने रजिष्ट्रशन रकमलाइ पूँजीगत प्रकृतिको कार्यमा मात्र खर्च लेख्न मिल्नेमा निम्नानुसारका कोषमा रकम ट्रान्सफर गरेको **पाइयो**।

| क्रम संख्या | कोषको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मानवीय संशाधन विकास तथा क्षमता विकास कोष | १०००००।०० | **राजस्वकोष पुजिगत** |
| २ | मर्मत संभार विशेष कोष | ७०००००.०० | **राजस्वकोष पुजिगतबाट** |
| | जम्मा | ८००,०००.०० | |

# घ) व्यय खण्डः

## घ (१) कोष तर्फ

13. **पेश्की जिम्मेवारी सम्बन्धमा :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१ (१) मा कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो फछ्र्यौट हुने बांकी रहेको पेश्की रकमको नामनामेसी सहित के, वापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने र यसरी जिम्मेवारी पेश्की रकम यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्नेछ भन्ने व्यवस्था छ। कार्यालयले बजेट शीर्षकगत पेश्कीको विवरण अध्यावधिक गरेको देखिएन । यसबाट हालसम्मको पेश्की जिम्मेवारी सम्बन्धमा एकिन हुन सकिएन । पेश्कीको विवरण अविलम्ब अध्यावधिक गरी नियमानुसार फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ।

14. **आन्तरिक नियन्त्रण प्रणाली :** कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ। जसलाई आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ। लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कनका लागि भरिएको अनुसूची २२ को चेकलिष्ट अनुसार देखिएका व्यहोराहरु निम्न छन् :

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | वार्षिक खरिद योजना बनाएको | बार्षिक खरिद योजना तयार छैन। |
| २ | स्पेसिफिकेशन अनुसार सामाग्री समयमा नै प्राप्त गरेको | स्पेसिफिकेशन अनुसार सामाग्री प्राप्त गरेको भएता पनि जिन्सी खातामा आम्दानी गर्दा पूर्णरुपमा स्पेसिफिकेशन खुलाउने नगरेको |
| ३ | मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको | अन्यत्रबाट हस्तान्तरण भै आएका साथै अन्य पुराना सामानहरुको मूल्य नखुलेको। |
| ४ | कार्यविवरण तयार गरी कर्मचारीहरूलाई अधिकार र जिम्मेवारी दिएको | व्यक्तिगत रुपमा तोकिएको ढाँचामा नदिएको। |
| ५ | राजस्व प्राप्ती वा आम्दानी गर्दा नगदी रसिद प्रयोग गरेको र रसिद नियनत्रण खाता राखेको | रसिद प्रयोग भएको तर रसिद नियन्त्रण खाता अद्यावधिक नरहेको। |
| ६ | जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथिकारबाही गरेको | जिन्सी निरीक्षण गरेको, प्रतिवेदन बमोजिम कार्यान्वयन गर्न बांकी। |
| ७ | सुशासन व्यवस्थापन तथा संचालन नियमावली २०६५ बमोजिम तालुक कार्यालयले निरिक्षण गरेको। | छैन। |
| ८ | कार्यालयको निरिक्षण पुस्तिकामा उल्लेखित व्यहोराको कारवाही गरेको | छैन। |
| ९ | समयमा पेश्की फछ्र्यौट हुने गरेको | छैन। |
| १० | आर्थिक कार्यविधि नियमावली २०६४ को अनुसूची १४ तयार गरी तालुक कार्यालयमा पठाएको | छैन। |

कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण र प्रभावकारी सञ्चालनका लागि यथोचित ध्यान नपुऱ्याएको कारण उल्लेखित व्यहोराहरुमा सुधार भएको पाइएन। जसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीताको विश्वसनीयता कम भई नियन्त्रण प्रणालीमा समेत असर पर्न जाने देखिन्छ। तसथं आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ कायांलय समयमा नै सचेत भई उचित व्यवस्थापन गर्नुपर्दछ।

15. **कार्यालयले लेखाको सफ्टवेयर प्रयोग नगरेको :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४८ (५) मा जिल्ला विकास समितिको आम्दानी खर्चको हिसाब कम्प्यूटराइज्ड लेखा प्रणालीमा र कार्यविधिको अनुसुचीमा उल्लेखित खाता, सहायक खाताहरुमा प्रविष्टी गराई राख्नु पर्ने साथै अनुसुची २४ बमोजिमको क्षेत्रगत खर्च विवरण तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयले आम्दानी खर्चको श्रेस्ता आंशिक रुपमा कम्प्युटराइज्ड सफ्टवेरवाट राखेको छ र बैङ्क नगदी किताब म्यानुअल तयार गरेको छ। यस सम्वन्धमा आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा समेत औंल्याएको पाइएन। छरितो लेखा प्रणाली नअपनाउनु यसको कारण हो। यसबाट लेखा प्रणाली झण्झटीलो र परम्परागत हुने गर्दछ। अत: नविन प्रविधिको प्रयोग

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्नुका साथै कार्यविधिको पालना गरी कम्प्युटराइज्ड लेखाप्रणली अवलम्बन गर्नुपर्ने देखिन्छ । | | | |
| 16. | | **अनुसूचीहरुको प्रयोग :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० (१) वमोजिम विभिन्न किसिमका अनुसूची फारामहरु राख्नु पर्ने व्यवस्था छ। कार्यालयले अनुसूचिमा तोकिएका निम्न अनुसूचीहरु तथा फारामहरु अद्यावधिक गरी राखेको पाइएन। | | | |

| | |
|---|---|
| अनुसूची २८ | आम्दानी खर्चको तुलनात्मक विवरण |
| अनुसूची ३१ | सम्पत्ती विवरण |
| अनुसूची ३३ | बैंक खाताको आम्दानी खर्चको मासिक विवरण |
| अनुसूची ३५ | बैंक ग्यारेन्टीका अभिलेख खाता |
| अनुसूची ६२ | डोर हाजिरी नियन्त्रण खाता |
| अनुसूची ६७ | आइटमवाइज कार्य अभिलेख खाता |
| अनुसूची ६८ | ठेकेदार/उपभोक्ता समिति/गैर सरकारी संस्थाको व्यक्तिगत खाता |
| अनुसूची ७२ | खरिदको गुरुयोजना |
| अनुसूची ७६ | असुल गर्ने रकमको विवरण |
| अनुसूची ६४ | नापी कितब (नियन्त्रण) अभिलेख खाता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | काम प्रतिको संवेदनशीलता तथा यसको उपयोगिता सम्वन्धमा मनन हुन नसकेको कारण यी फाराम को प्रयोग हुन नसेकेको देखिन्छ। उल्लेखित फारामहरुको प्रयोग नहुंदा कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थामा असर पर्ने स्थिति रहेको छ। नियमले तोकिदिएका फारामहरुको प्रयोग गरी व्यवस्थापकिय कार्य भरपर्दो र मजबुद बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। | | | |
| 17. | | **प्राविधिक प्रतिवेदन सम्बन्धमा :-** प्राविधिकहरुबाट सडकको सर्वे, इष्टिमेट, मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन जस्ता प्राविधिक प्रतिवेदन तयार गर्दा चेनेज (दुरी) अनिवार्य उल्लेख गर्नुपर्ने देखिन्छ। यस वर्ष केही आयोजनाहरुको नापी किताव इष्टिमेट, मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति अनिवार्य रुपमा उल्लेख गर्ने गरेको नपाइएकोले सो सम्बन्धमा अनिवार्य उल्लेख गर्नुपर्ने देखिन्छ। | | | |
| 18. | | **जिन्सी व्यवस्थापन सम्बन्धमा :** | | | |
| 18.1. | | **जिन्सी निरिक्षण र व्यवस्थापन सम्बन्धमा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वंय वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ। यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ। कार्यालयले आर्थिक बर्ष ०७१।७२ को जिन्सी निरीक्षण प्रतिवेदन मिति २०७२।६।१९ मा प्राप्त भएकोमा खर्च भएर जाने जिन्सी सामग्रीको मौज्दात शुन्य रहेको, खर्च भएर नजाने जिन्सी सामग्रीको मौज्दात १६९ आइटममा रहेकोमा मर्मत गर्नुपर्ने ० आइटम र लिलाम गर्नुपर्ने १४ आइटमका सामग्री रहेको | | | |

प्रतिवेदनमा उल्लेख भएको पाइयो।

उक्त जिन्सी सामानहरु मर्मत, मिन्हा वा लिलाम गर्नु पर्ने भए स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद १० को कार्यविधि पुरा गरी भण्डार व्यवस्थापनलाई चुस्त पार्नु पर्ने देखिन्छ।

१. क्यामरा, ल्यापटप जस्ता सामानहरु कर्मचारीलाई दिदाँ उक्त सामानहरुको स्पेसिफिकेशन, सिरियल नम्वर, मोडल नं.आदि उल्लेख गरी सहायक रजिष्टरमा राख्नु पर्ने र सोही अनुसार जिन्सी खातामा समेत खुलाई राख्नु पर्ने देखिन्छ। लेखापरीक्षणको क्रममा यस बर्ष खरिद भएका क्यामरा, ल्यापटप कम्प्युटर, डेस्कटप कम्प्युटर जस्ता जिन्सी सामानको विल विजकमा स्पेशिफिकेशन खुलेको देखिएता पनि जिन्सीमा आम्दानी जनाउंदा सो बमोजिम खुलाइ जनाएको पाइएन

२. जिन्सी लेजर परिक्षण गर्दा पुराना जिन्सी सामानहरुको मूल्य खुलाई अभिलेख राखेको देखिएन। नियमानुसार मुल्य खुलाई आम्दानी जनाउनु पर्दछ।

३. कार्यालयका कोठाहरुमा प्रयोगमा रहेका जिन्सी लगायतका सामाग्रीहरुलाई सांकेतिक नम्वर एवूम कोठामा भएका सामाग्रीको विवरण कोठा कोठामा तयार गरि राख्नुपर्ने देखिन्छ।

यसो हुनुमा जिन्सी व्यावस्थापन गर्न व्यवस्था भएका नियम प्रकृया र पद्धतिको परिपालना गर्न कार्यालय सचेत नरहनुको मुख्य कारण पाइन्छ। यसले गर्दा जिन्सी सामानको वास्तविक अवस्था देखिने स्थिति भएन। यसबाट सरकारी सम्पत्तिको सुरक्षा हुन नसकी हानी नोक्सानी हुन सक्ने देखिन्छ।

अतः निरीक्षण फाराममा उल्लेख भएका चालु हालतमा नरहेका बिभिन्न सामानहरु मर्मत, मिन्हा वा लिलाम गर्नु पर्ने देखियो।

18.2. **भौतिक परीक्षणः–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा व्यवस्था भएको जिन्सी निरिक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले वर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्रतिनिधिद्वारा निरिक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिने व्यवस्था गर्नुपर्दछ। यसरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएको मालसामान भेटिएमा मूल्य र विवरण खुलाई नयां ढाचाको जिन्सी खातामा आम्दानी बाध्न लगाउनु पर्दछ भन्ने उल्लेख छ। कार्यालयले पेश गरेको जिन्सी खाताबाट नमूना छनौटको आधारमा १० प्रकारका सामानहरुको भौतिक परिक्षण गर्दा देखिएको व्योहोरा निम्नानुसार छ।

**भौतिक परीक्षणको अवस्था**

| सामानको नाम | जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख संख्या | भण्डार अभिलेख अनुसार मौज्दात संख्या |
|---|---|---|
| ल्यापटप | १७ | २० |
| डेस्कटप कम्प्युटर | १७ | १९ |
| मोटरसाइकल | १० | १२ |
| डिजिटल क्यामरा | १० | १४ |
| प्रिन्टर | २२ | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | फ्रिज \| २ \| ३ | | | |
| | | उपर्युक्त व्यहोरा अनुसार हेर्दा जिन्सी कितावमा देखिएको परीमाण र जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित सामानको फरक परिमाण देखिदा जिन्सी निरीक्षण भरपर्दो देखिएन। उक्त जिन्सी अभिलेखलाइ खर्च भएर जाने र नजाने वर्गीकरण बमोजिम अभिलेख अध्यावधिक गर्नुपर्ने र चालु हालतमा नरहेका जिन्सी सामानलाइ नियम बमोजिम लिलाम, मर्मत वा मिन्हा गर्नुपर्ने देखिन्छ। | | | |
| 18.3. | | **घर जग्गाको लगत र उपयोगको अवस्थाः** कार्यालयले आफ्नो स्वामित्वमा भएको घरजग्गाको अधिकतम उपयोग गर्ने आन्तरिक आम्दानीलाइ बढोत्तरी गर्न भाडामा लगाउने गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा माग भएको सो बमोजिमको विवरण पेश भएन । लेखापरीक्षण प्रति संवेदनसशील नहुनु यसको कारण हो । यसबाट सम्पत्तिको उपयोगको अवस्था खुल्ने देखिएन । अतः समितिको घर जग्गाको लगत राखी उच्च उपयोग गर्नुपर्ने देखिन्छ। | | | |
| 19. | | **खरिद योजना :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वाषिंक दश करोडभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पूर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने उपनियम (५) मा वार्षिक दश लाख भन्दा बढि रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने, उपनियम (९) मा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भए पछि उपनियम (५) बमोजिम तयार भएको वार्षिक खरिद योजनामा स्वीकृत कार्यक्रम तथा बजेट अनुरुप परिमार्जन गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले यस आर्थिक वर्षमा वार्षिक खरिद योजना तयार गरेको भएता पनी सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको ढाँचामा नभएको र उक्त योजना बमोजिम तोकिएको प्रक्रिया र समयमा खरिद भएको देखिएन। तोकिएको ढाँचाको प्रयोग नहुनु र योजना बमोजिम कार्यान्वयन नहुनु यसको कारण हो। यसबाट खरिद योजनामा तोकिएको विधि प्रक्रिया तथा समयसिमा भित्र खरिद भएको छ भन्ने एकिन हुन सकेन। अतः कार्यालयले नियमानुसार बार्षिक खरिद योजना बनाइ सो बमोजिम खरिद गर्नुपर्ने देखिन्छ। | | | |
| 20. | | **प्रगति विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० को उपनियम (१) मा जिल्ला विकास समितिले अनुसुची ७३ बमोजिमको ढाँचामा वार्षिक लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३६ मा स्थानीय निकायबाट संचालित कार्यक्रम वा आयोजनाको वित्तिय एव भौतिक प्रगति प्रतिवेदन अनुसुची १७, १७.१, १७.२,१७.३, र १७.४ बमोजिमको ढाँचामा तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयले सो अनुसार वार्षिक लक्ष्य प्रगति तयार गरेको देखिएन। पेश भएको विवरण अनुसार यो वर्ष संचालित ८५८ कार्यक्रम मध्ये ०% मा ८, २५% सम्म ०, ५०% सम्म ०, र ७५% भन्दा बढीमा सबै कार्यक्रमको प्रगति देखाएको पाइयो। ० (सून्य) प्रगति हुनाको कारण खुलाएको छैन। | | | |
| | | कार्यक्रम पूर्ण रुपमा सम्पन्न नहुनुमा कार्यान्वयन प्रक्रिया ढिलो हुनु नै प्रमुख कारण रहेको छ। अनुगमन कार्य प्रभावकारी नहुनुको कारण | | | |

योजना सम्पन्न हुन नसकेको देखिन्छ। यसबाट बजेट निस्क्रिय रहने र प्रयोग भएको बजेटबाट पनि उचित प्रतिफल नपाउने अवस्था रहन्छ। अत : योजनाहरु समयमै कार्यान्वयन गर्ने तथा यथासमयमै टुग्याउन अनुगमन तथा निरीक्षण गरी शुन्य तथा न्यून प्रगति भएको कार्यक्रमको प्रगति शत प्रतिशत गर्ने र तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

21. **योजना हस्तान्तरणः** स्थानीयनिकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) (ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त बिबरण अनुसार यस बर्ष संचालित ७११ योजनाहरु मध्ये ६६६ योजना निर्माण सम्पन्न भएकोमा यो वर्ष ६५७ योजना हस्तान्तरण भएको छ। नियमावलीमा उल्लेख भएको व्यहोराको पालना नहुनु नै यसको कारण रहेको देखिन्छ। लाभग्राही समुदायलाई समयमा नै योजना हस्तााान्तरण नहुँदा योजनाको आवश्यक मर्मत सम्भार कार्य नहुने, विकासको दिगोपान नरहने हुन्छ। अतः कार्यालयले तोकिएको ढाँचामा भौतिक प्रगति देखिने र हस्तान्तरण गर्न सकिने योजनाहरुलाई हस्तान्तरण गरी सो को अभिलेख राख्नुका साथै सम्बन्धित लाभग्राहीलाई योजनाप्रति जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

22. **अधुरा योजना** : कार्यालयबाट संचालित सबै योजनाहरु तोकिएकै समयमा सम्पन्न गर्नु पर्दछ। लेखापरीक्षणको क्रममा अधुरा योजनाको विवरण माग गरेकोमा प्राप्त विवरण अनुसार निम्न ८ योजनाहरु अधुरा रहेको पाइयो।

| सि. नं. | योजनाको नाम | ब.शि.नं.र कार्य क्रमको नाम | लागत अनुमान | योजना सुरु वषं | ०७१।७२ सम्ममा भएको खचं | सम्पन्न हुनुपर्ने मिति | सम्पन्न हुन नसकेको कारण | वतंमान अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | कांडा नदी पक्की पुल निर्माण, जोशीपुर ९ | **स्थानीय स्तरका सडकपूल तथा सामुदायिक पहुंच सुधार परियोजना कमागत** | ८५२७३०८८९३ | २०७१/०३/२५ | १७९८९०६० | २०७२/०६/२४ | कमागत योजना भएको ले | कार्य संचालनमा रहेको |
| १ | वडीखर्क खा.पा. योजना निर्माण स्कीम नं. २ पिपलसैनी पण्डौन ५ | **ग्रामिण खानेपानी तथा सरसफाई कार्यकम** | २२६६००० | २०६९/१२/२ | ८५३४७४ | २०७२/०३/२० | कमागत योजना भएको ले | कार्य संचालनमा रहेको |
| २ | चौकी डांडा खा.पा. योजना निर्माण, गोदावरी ८ | ,, | २५६६००० | २०७०/१/३१ | ९३९९९९ | २०७२/०३/२० | कमागत योजना भएको ले | कार्य संचालनमा रहेको |
| ३ | जिमिटे खा.पा.यो. मोहन्याल ६ | ,, | २१७१८७८ | २०७०/११/१६ | ८२५५९१ | २०७३/३/२० | कमागत योजना भएको ले | कार्य संचालनमा रहेको |
| ४ | खलुबलु खा.पा.यो., मोहन्याल ९ | ,, | ४६४३४४१।९१ | २०७०/११/१६ | ११३६०७८ | २०७३/२/३० | कमागत योजना भएको ले | कार्य संचालनमा रहेको |
| ५ | फुलबस्ती खा.पा.यो., गोदावरी ८ | ,, | १३४०३७४ | २०७०/०९/२१ | ५११५९७ | २०७२/०३/१५ | रकम अपुग भएको ले | कार्य संचालनमा रहेको |
| ६ | झोती खोला झो.पु., सुगरखाल २ | **झोलुङ्गे पूल कार्यकम** | १६६३९९२।९ | २०७१/०९/०४ | १११५७१० | २०७३/३/२० | कमागत योजना भएको ले | कार्य संचालनमा रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | उ.मा.वि. अगाडी काडा खोलामा झो.पु., कोटातुल्सीपुर २ र ३ | ,, | ५१४०३९६ | २०७१/०८/०५ | २२००००० | २०७३/३/२० | क्रमागत योजना भएको ले | कार्य संचालनमा रहेको |
| ८ | टेक्ना नदीमा झो.पु., रामशिखरझाला ६ र ९ | ,, | ६१२५७७८ | २०७१/०८/०५ | २३७७८९० | २०७३/२/३१ | क्रमागत योजना भएको ले | कार्य संचालनमा रहेको |
| ९ | वसौटी उजेलीसिमर झो.पु. कटैनी नाला, वसौटी ५ र ८ | ,, | ४९५३७८४।२ | २०७१/११/१९ | २९००००० | २०७३/२/३१ | क्रमागत योजना भएको ले | कार्य संचालनमा रहेको |
| १० | कुर्ले खोला झो.पू. निर्माण, खैराला ३ र ४ | ,, | २५८६५२९।४ | २०७१/१०/२० | १४००००० | २०७३/२/३१ | क्रमागत योजना भएको ले | कार्य संचालनमा रहेको |

उपरोक्त योजना समयमा सम्पन्न गर्न नसक्नुमा उपभोक्ता समितिको ढिलासुस्ति र दक्ष जनशक्तिको अभाव, समयमै सम्झौता हुन नसक्नु उल्लेख गरिएको छ। समयमा काम नसक्दा र योजना अधुरा रहँदा लभाग्राही समुहले उक्त योजनाबाट लाभ पाउन नसक्ने अवस्था रहन्छ। तसर्थ कार्यालयले अधुरा योजनाको निमित्त आवश्यक बजेट व्यवस्थापन गरी समयमा नै योजना सम्पन्न गर्न ध्यान दिनपर्ने देखिन्छ।

23. **आषाढ महिनाको खर्चः** चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । बैसाख देखि आषाढसम्म बार्षिक विनियोजनको ठुलो अंश खर्च गर्न नपाउने व्यवस्था अर्थ मन्त्रालयले गरेको छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कार्यालयको बिभिन्न पूँजीगत तथा कार्यक्रमगत बजेट शीर्षक तर्फको तेस्रो चौमासिक खर्च र आषाढ महिनाकोमात्र खर्चको स्थिति निम्नानुसार छ।

| सि. नं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| | विभिन्न ४३ | ८१८०५३६४८।७८ | ११२७८५३६७२७ | १९२९३४८३९।४४ | ५१२३३३४४२।०७ | ३०८२२८४७७।६२ |
| | **प्रतिशत** | | **१३।७९** | **२३।५८** | **६२।६३** | **३७।६८** |

बार्षिक पूंजीगत तथा कार्यक्रम खर्च तर्फ रु. ८१८०५३६४८।७८ मध्ये तेस्रो चौमासिकमा रु. ५१२३३३४४२।०७ खर्च भएको छ भने आषाढ महिनामा मात्र रु. ३०८२२८४७७।६२ खर्च भएको छ। तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः **६२।६३ र ३७।३८** रहेको छ। तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको कार्यालयले जनाएको छ। यसरी खर्च गरिदा खर्चको सहि सदुपयोग नहुने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ। अर्थ मन्त्रालयको निर्देशन विपरित तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठूलो रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ।

24. **तेस्रो चौमासकिमा ठेक्का सम्झौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम कार्यालयले खरिद योजना बनाइ सो कार्यतालिका अनुरुप तोकिएको समयमा खरिद व्यवस्थापन तथा ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले

पेश गरेको अनुसूची - २१ बमोजिमको विवरण अनुसार ठेक्का बन्दोबस्तीको अवस्था निम्नानुसार रहेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | | | | | | | यसवर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेश्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | जम्मा | सख्या | रकम | सख्या | रकम | सख्या | रकम | सख्या | रकम | संख्या | रकम |
| १ | झोलेङ्गेपुल क्षेत्रगत कार्यक्रम | ४ | ० | ० | ४ | ६६६९५३४ | ० | ० | ० | ० | ४ | ६६६९५३३.८९ |
| २ | सडक बोर्ड नेपाल | ८ | ० | ० | ८ | २१९६२६९.७० | ० | ० | ० | ० | ६ | १६४७२०२.०० |

यस बर्ष संचालित १२ वटा योजना तथा खरिद कार्य ठेक्काको माध्यमबाट गरिएकोमा १२ वटा ठेक्का व्यवस्थापन दोश्रो चौमासिकमा गरेएको देखियो। यो वर्ष २ वटा योजनाको काम सुरु नै भएको छैन। उक्त कार्य सम्पन्न गर्नुपर्ने देखियो।

25. **म्याद थप :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८(१) मा खरिद सम्झौतामा तोकिएको काम सम्झौता बमोजिमको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा सात दिन अगावै सम्बन्धित निकायमा म्याद थपको लागि निवेदन गर्न सक्ने र नियम १२८ को उपनियम २ (क,ख,ग) को अवस्थामा मात्र म्याद थप गर्न सकिने व्यवस्था छ। कार्यालयले यस वर्ष निम्नानुसारको ठेक्कामा निम्नानुसार म्याद थप गरेको पाईयो

| क्र.सं. | कार्यालयको नाम | जम्मा ठेक्का संख्या | म्याद थप भएको ठेक्का संख्या | | |
|---|---|---|---|---|---|
| | | | सुरु अवधिको ५०% सम्म थप | सुरु अवधिको ५१ देखि १००% सम्म थप | शतप्रतिशतभन्दा बढी अवधि थप |
| १ | चौकीगडा खानेपानी योजना गोदावरी ८ | १ | ० | १ | ० |

उल्लेखित तालिका अनुसार १ वटा योजनामा १०० प्रतिशत सम्म म्याद थप गरेको पाइयो। योजनाको लागत अनुमान भन्दा कम तथा समयमै बजेट विनियोजन नहुनुले काम ढिलो भएको पाईयो। यसरी लागत अनुमान भन्दा बढी अवधि म्याद थप गर्ने परम्पराको अन्त्य हुनुपर्ने देखिन्छ।

26. **पूर्वाधारतर्फ ५ लाख भन्दा घटीका योजनामा लगानी :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ दफा ८ (ग) मा स्थानीय निकायको कुल पूँजीगत रकम बाट उक्त दफाको खण्ड (क) बमोजिमको समपुरक कोषको रकम र खण्ड (ख) बमोजिमको लक्षित समूह विकास कार्यक्रमको रकम घटाई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सो को कम्तिमा ६० प्रतिशत आर्थिक सामाजिक एर्व भौतिक पूर्वाधार विकास कार्यक्रमका लागि छुट्टाउनु पर्ने, दफा ८(घ) मा खण्ड (ग) बमोजिमको रकम घटाई बाँकी हुन आउने रकमबाट अधिकतम ४० प्रतिशत रकम प्रवर्द्धनात्मक कार्यक्रमका लागि पूँजीगत बजेट विनियोजन गर्नु पर्ने व्यवस्था छ। साथै कार्यविधिको दफा ११(२) मा आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट जिल्ला विकास समितिले ५ लाख भन्दा

कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन् भन्ने व्यवस्था छ। जिल्ला विकास समितले परिषदबाट शुरुमा बजेट अनुमान गर्दा समेत ५ लाख घटिका योजना छनौट गरेको तथा कार्यविधि बमोजिम कार्यान्वयन गर्ने क्रममा बजेट कम भएको भनी ५ लाख घटीका योजना कार्यान्वयन गरेको छ। यस वर्ष कार्यविधिको दफा ११(२) विपरित ५ लाख घटीका ५७२ योजनामा ११ करोड ४५ लाख ६७ हजारका योजना छनौट गरी लगानी गरेको देखियो।

| व.शि.नं./ कार्यकमको नाम | लगानीका क्षेत्र | सम्पन्न योजना संख्या | भुक्तानी |
|---|---|---|---|
| जि.वि.स.कोष/राजस्व कार्यकम वाट संचालन भएको योजनाहरु (पूंजिगत) | शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई,सडक यातायात र अन्य पूर्वाधार | ७३ | ३०५२३७३८ |
| जिविस कोष आन्तरिक कोष कार्यकम वाट संचालित योजना हरु (चालू) | शिक्षा, स्वास्थ्य, खानेपानी,सिंचाई, सडक यातायात र अन्य पूर्वाधार | ६९ | १४०५५२१८ |
| जि.वि.स. विकास अनुदान कार्यकम | शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई,सडक यातायात र अन्य पूर्वाधार | ५१ | १०९८८१५१ |
| जनसहभागितामा आधारित विकास कार्यकम | शिक्षा, स्वास्थ्य, खानेपानी,सिचाई, सडक यातायात र अन्य पूर्वाधार | ६५ | १२३१८८३५ |
| स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यकम( पूजिगत अनुदान) | सडक यातायात र अन्य पूर्वाधार | ६ | २०२२५७१ |
| सडक वोर्ड नेपाल कार्यकम | सडक यातायात र अन्य पूर्वाधार | ७ | १०३०३८७ |
| आर्थिक केन्द्र तथा दुई जिल्ला जोडने सडक कार्यकम | सडक यातायात र अन्य पूर्वाधार | ८ | ३२३७५९३ |
| निर्वाचन क्षेत्र विकास कार्यकम | शिक्षा, स्वास्थ्य, खानेपानी, सडक यातायात र अन्य पूर्वाधार | १९८ | २१७१८७८९ |
| साना सिंचाई नदी नियन्त्रण तथा अन्य पूवाधार कार्यकम | सिंचाई र अन्य पूर्वाधार | १६ | २८९६६२९ |
| जलवायू परिपर्तन सहयोग कार्यकम (LAPA) | स्वास्थ्य, खानेपानी, सडक यातायात र अन्य पूर्वाधार | ६० | ११९७५३७७ |
| पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको संस्कृति प्रवर्द्धन कार्यकम | मठमन्दिर निर्माण/मर्मत र अन्य पूर्वाधार निर्माण | १७ | ३१००००० |
| गुम्वा व्यवस्था तथा संरक्षण कार्यकम | गुम्वा मर्मत र अन्य पूर्वाधार | १ | १००००० |
| आदीवासी/जनजाती उत्थान प्रतिष्ठान | सामुदायिक भवन र अन्य पूर्वाधार निर्माण | १ | ६००००० |
| **जम्मा** | | **५७२** | **११४५६७२८८** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यविधिको पालना तर्फ सम्वेदनशिल नहुनु यसको कारण हो । यी पूर्वाधार तर्फ तेकिएको रकम लगानी नगर्दा परिणामुखी कार्य हुन नसक्ने तथा दिगो विकासको आधार तय हुन सक्दैन । कार्यालयले ५ लाख घटीका योजनामा लगानी नगरी सो भन्दा वढी रकमका भौतिक पूर्वाधार विकास सम्बन्धि योजनामा लगानी गर्ने तर्फ ध्यान दिनु पर्दछ । कार्यविधिको व्यवस्थको पालना नगरी ५ लाख घटीको योजना छनौट र संचालन गरेको नियमित देखिदैन । | 11456728 8/- | | |
| 27. | | **जि.वि.स एकल बोर्ड निर्णयबाट योजना छनौट तथा कार्यान्वयन :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २०(४) मा जिल्ला विकास समितिले एकिकृत योजना तर्जुमा समितिबाट प्रथमिकिकरण भइ आएका कार्यक्रम वा आयोजनाहरु समावेशी र सहभागितामुलक पद्धतिबाट वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरि परिषदबाट फाल्गुन मसान्त भित्र स्वीकृत गराउनु पर्ने र परिषदबाट कार्यक्रम र बजेट स्वीकृत भइ सकेपछि संशोधन गर्न नपाइने र स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) अनुसार जिल्ला परिषदबाट स्विकृत गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष परिषदबाट स्वीकृत नभएका योजना तथा कार्यक्रममा देहाय अनुसार खर्च गरेको देखियो। | | | |

| सि. नं | ब.उ.शी.न. | योजना संख्या | विनियोजित | खर्च रकम | बोर्ड निर्णय मिति |
|---|---|---|---|---|---|
| 1 | जि.वि.स.आन्तरिक चालु कार्यक्रम | १४ | 2572000 | 2389287 | 071÷11÷b]lv 072/2;Dd |
| 2. | जि.वि.स.राजस्व कोष पुजिगत | ४३ | 19740886 | 18838640 | ,, |
| | जम्मा | ५७ | 22312886 | 21227927 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिषदबाट स्वीकृत नभएका योजना, कार्यान्वयन गर्दा समावेशी र सहभागितामुलक पद्धतिबाट छनौट नहुने तथा स्थानीय स्तरबाट माग गरिएका प्रथमिकतामा परेका कार्यक्रम वा योजना छनौट नहुने अवस्था रहन्छ। कार्यविधि अनुसार लाभग्राही समुदायबाट प्राथमिकिकरणमा परेका समावेशी र सहभागितामूलक पद्धतिबाट छनौट भएका योजना परिषदबाट समयमा स्वीकृत गराउन पर्नेमा बोर्ड निर्णयबाट योजना छनौट गरी रु 21227927.00 खर्च गरेको छ। | | | |
| 28. | | **आन्तरिक लेखापरीक्षण :** स्थानीयस्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण कायांलयको आन्तरिक लेखापरीक्षण शाखाले गनुंपनें व्यवस्था छ। यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गरेको छ। प्रतिवेदन अनुसार ५ बजेट उप शीर्षकमा असुल गर्नुपर्ने बेरुजु कायम गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो फछ्यौंट गरेको पाइंएन। आन्तरिक लेखापरीक्षण शाखाबाट आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा चौमासिक रुपमा लेखापरीक्षण गरी बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो। जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गा.वि.स.को र विकेन्द्रित कार्यालयको पनि आन्तरिक लेखापरीक्षण गर्नु पर्ने हुंदा कार्य बोझको कारणले सममै आ.ले.प. गर्न नसक्नु, आ.ले.प.का कर्मचारीहरुलाई प्रभावकारी तालिमको व्यवस्था नहुनु जस्ता कारण रहेको देखिन्छ। आन्तरिक लेखापरीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सो को प्रतिवेदन दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन सकेको देखिएन। नियमको प्रावधान | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरिक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ। | | | |
| 29. | | **गाविसको अन्तरीक लेखापरीक्षण सम्वन्धमा** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ मा गाविसको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिले आर्थिक बर्ष समाप्त भएको ४ महिनाभित्र गर्ने ब्यबस्था छ। कार्यालयले यस बर्ष ३१ वटा गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण समयमै सम्पन्न गरेको देखिएन। ऐनको व्यवस्थाको पालना नहुनु र प्रयाप्त र दक्ष जनशक्तिको अभाव हुनु यसको कारण रहेको पाइयो। आन्तरिक लेखापरीक्षण आर्थिक बर्ष भित्र नै नियमित रुपमा नगर्दा आर्थिक अनुशासन कायम नहुन जान्छ। साथै ऐनमा भएको ४ महिना भित्र आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था समेत आन्तरिक लेखापरीक्षणको सामान्य मान्यताको भावनासँग मेल नखाने देखिएकाले ऐनमा आवश्यक सुधार गर्ने तर्फ सम्बन्धित नीति निर्माण गर्ने निकायको ध्यान जानुपर्ने र आर्थिक वर्षमा भित्र सबै गाविसको आन्तरिक लेखापरीक्षण गरी स्रेस्ता कागजात अध्यावधिक राखी अन्तिम लेखापरीक्षणमा सहयोग पुऱ्याउने तर्फ सम्वन्धित कार्यान्वयन गर्ने निकायको ध्यान जानुपर्दछ। | | | |
| 30. | | **गाविसमा मौज्दात रहेको अनुदान रकम कोलेनिका फिर्ता गर्ने नगरेको** : स्थानीयनिकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४७ तथा गा.वि.स.अनुदान संचालन कार्यविधी २०६७ को बुदा ३८(क) मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाँउ विकास समितिमा नेपाल सरकारबाट निकासा भएकोसवै निःशर्त तथा सशर्त, पूँजिगत तथा चालु अनुदान रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगाडी भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नु पर्दछ र बचत हुने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाडि कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट यस वर्ष गाविस अनुदान तर्फ ३१ वटा गाविस र ५ न.पा (साविक गाविस) लाई रु.१२६४८००००।-चालु तथा पूँजीगत निकासा दिएको छ। वर्षान्तमा हरेक गाविसको खातामा के कति मौज्दात बांकी छ सो रकम फिर्ता सम्बन्धमा विवरण तयार भएको पाइएन। सो हुनुमा जिल्ला विकास समितिबाट गा.वि.स.लाई दिइएको निकासा बमोजिमका कार्यक्रमहरु कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन नहुनु मुख्य कारण रहेको छ। जसले गर्दा सो वर्ष खर्च नभएको फ्रिज हुनु पर्ने रकम गा.वि.स. को खातामा नै रही रहन सक्ने हुदाँ गा.वि.स.को खातामा अनुदान निकासा दिएको रकम खोजि गरि संचित कोष दाखिला गर्न गराउन कार्यालयबाट आवश्यक पहल हुनुपर्दछ। | | | |
| 31. | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८(१) को अनुसूची १ को १.१.२ बमोजिम गा.वि.स.ले प्राप्त गर्ने भूमिकरको २५प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने व्यवस्था छ। यस जिल्लाका गा.वि.स.बाट उठेको भूमिकर र जिल्ला विकास समितिलाई बुझाएको लगत नरहेको हुदा आम्दानी एकिन हुन सकेन। | | | |
| 32. | | **गाविसको आन्तरिक लेखापरीक्षण बेरुजुको लगत नराखेको** : स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ६९ मा गाविसको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिले आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र गर्ने व्यवस्था छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ (ज) माा जिल्ला विकास समितिको आन्तरिक लेखापरिक्षण शाखाले गाउँ विकास समितिको बेरुजु लगत समयसमयमा निरीक्षण गरी फछ्र्यौट भएको बेरुजुको सम्परीक्षण गरिदिने र असुलउपर गर्न बाँकी बेरुजुका सम्वन्धमा असुलउपर | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्न लगाउने ब्यबस्था छ। आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राखि आन्तरिक लेखापरीक्षकबाट सम्परीक्षण गराउनु पर्दछ। यस जिल्ला विकास समिति अर्न्तगतका ३१ गाविस को आन्तरीक लेखापरीक्षणको वेरुजु लगत राखि आन्तरीक लेखापरीक्षकबाट सम्परीक्षण गर्ने गरेको देखिएन। ऐनको प्रावधान अनुरुप लगत राखि सम्परीक्षण नगराउनाले आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन नसक्ने हुँदा बेरुजुको लगत राखि समयमा फछ्र्यौट र सम्परीक्षण गराउने तर्फ कार्यालयबाट आवश्यक पहल हुनु पर्दछ। | | | |
| 33. | | **प्रशासनिक खर्च** ः स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक क्रमशः रु.२५ लाखसम्म, रु. २५ देखि ५० लाखसम्म, रु. ५० लाखदेखि रु. १ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हूने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ। यस जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली रु.४९५८९२७०।४८ को २५ प्रतिशतले हुने रु. १२३९७३१७।६२खर्च गर्न पाउनेमा रु. २२६७४५९९०१ खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु. १०२७७२८१।५० बढी खर्च भएको छ । कार्यालयले संचालन खर्चको नियन्त्रणमा कमि र आयस्रोत प्रयाप्त नहुनुका कारण प्रशासनिक खर्च बढी हुन गएको छ। आन्तरिक आयको अनुपातमा प्रशासनिक खर्च बढी हुनाले विकास कार्यको श्रोतमा प्रमाव पर्न गएको छ । तसर्थ, नियममा तोकेभन्दा बढी खर्च गरेको रु. १०२७७२८१।५० नियम सम्मत नदेखिएको रु.. | १०२७७२८१।५० | | |
| 34. | | **आर्थिक कारोबारको निरीक्षणः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २२२ (२) मा जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउ विकास समिति र नगरपालिका तथा आफुले अख्तियारी दिएको कार्यालयको आर्थिक कारोबारको कम्तिमा वर्षको १ (एक) पटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सम्बन्धित मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले यस वर्ष गाउ विकास समिति ३१ तथा अख्तियारी दिएका निक्षेपित कार्यालय ५ को आर्थिक कारोबारको निरीक्षण गरी प्रतिवेदन दिएको पाइएन। नियमको प्रावधान प्रभावकारी रुपमा कार्यान्वयन नगरिनु नै यसको प्रमुख कारण रहेको देखिन्छ। नियमको प्रभावकारी कार्यान्वयन नगरिदा आफूले अख्तियारी दिएको रकमको सही र समुचित रुपमा प्रयोग गरिएको छ छैन सो को जानकारी प्राप्त नहुनुका साथै लक्षित उद्देश्य र कार्यक्रमको लागि दिईएको अनुदान रकम जथाभावी खर्च हुने र लाभग्राही समुह सेवा प्राप्त गर्नवाट बञ्चित हुने अवस्था समेत सिर्जना हुन सक्ने देखिन्छ । तसर्थ जिल्ला विकास समितिको सचिवले आफुले अख्तियारी दिएको कार्यालयको आर्थिक कारोबारको कम्तिमा वर्षको १ (एक) पटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउ विकास समिति, जिल्ला विकास समिति सम्बन्धित मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | | | |
| 35. | | **अनुगमनः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ५४ अनुसार गाउं विकास समितिको कोषबाट खर्च हुने रकमलाई बढी उपलव्धीमूलक र व्यवस्थित गर्न तथा आर्थिक अनुशासन कायम गराउन निम्न अनुसार गराउन सक्ने व्यवस्था छ।<br>● वार्षिक कार्यक्रम र बजेट अनुसार गाउं विकास समितिबाट काम कारबाही नभएमा सो अनुरुप गर्न आवश्यक | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | निर्देशन दिन सक्ने,<br>● गाउं विकास समितिमा जाने गरी सिफारिस गरिएको रकमको आम्दानी खर्चको हिसाब राख्ने,<br>● गाउं विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने व्यवस्था गर्नुपर्ने ।<br>जिल्ला विकास समितिबाट उक्त कार्य गराएको आधार प्रस्तुत भएको छैन । यसको मुख्य कारणमा अनुगमन तथा निर्देशन गर्ने गरी ध्यान पुर्‍याउन नसक्नु हो । यसबाट गाउ विकास समितिको आर्थिक अनुशासन कायम गराउने कार्यमा असर पर्दछ । सो अनुसारका व्यवस्था पालना गराउन जिल्ला विकास समितिले ध्यान दिनु पर्दछ । | | | |
| 36. | | **लागत अनुमानः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा २४ अनुसार आयोजनाको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा जिल्ला दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुभ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश योजनाको लागत अनुमान अंग्रेजी भाषामा तयार गरेको छ । कार्यविधि भर्खरै मात्र स्वीकृत भएको कारण तयार हुन नसकेको जनाएको भए तापनि यसबाट लागत अनुमान सरल र पारदर्शी हुनेमा असर परेको छ । कार्यविधिले तोकेबमोजिम लागत अनुमान नेपाली भाषामा तयार गर्नुपर्दछ । | | | |
| 37. | | **नापी किताबको लगत नराखेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) 'ख' मा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल वा विजकको भुक्तानी गर्ने व्यवस्था छ । साथै नापी किताब तयार गर्दा म.ले.प.फा.नं. १९२ -नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर र आइटमवाइज रजिष्टरको आधारमा मात्र नापी किताब प्रयोग गर्ने व्यवस्था रहेको छ । कार्यालयबाट यस वर्ष सञ्चालित योजनाहरुमध्ये कतिपय योजना एवं निर्माण कार्यको नापी किताब कम्प्यूटरकृत गरी केवल योजनाको फरफारक एवं भुक्तानी गर्ने प्रयोजनका लागी लुज सिटको रुपमा मात्र तयार गरेको नापी किताव नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर तथा आइटमवाइज रजिष्टरका आधारमा कुनै पनि योजनाहरुको नापी किताब तयार गर्ने गरेको पाइएन । कार्यालयले कानूनमा भएको व्यवस्थालाई अवलम्बन गर्नुमा उचित ध्यान नपुऱ्याउनु नै यसको कारण रहेको छ । यसरी साइट रजिष्टर र आइटमवाइज रजिष्टरका आधारमा नापजाँचको प्रविष्टी नगर्ने, नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर नराख्ने तथा कम्प्यूटर डाटाको सुरक्षण एवं ब्याकअपसमेतको व्यवस्था नगर्नाले निर्मित संरचना र सम्पत्तिको यथार्थ मूल्यांकन नहुनुको साथै आवश्यक सम्भार समेत नभई संरचनामा गरेको ठूलो लगानी खेर जान सक्ने सम्भावना रहन्छ । अत, कार्यालयले कुनैपनि कार्यको नापजाँच एवं मूल्यांकन गर्दा साइट रजिष्टर र आइटमवाइज रजिष्टरलाई आधार मानी म.ले.प.फा.नं. १९२ अनुसार नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने र कम्प्युटरकृत डाटाको सुरक्षण र ब्याकपको समुचित व्यवस्थाको प्रवन्ध गर्नु अत्यन्तै जरुरी देखिएको छ । | | | |
| 38. | | **उपभोक्ता समिति परिचालनः** जिल्ला विकास समितिद्धारा संचालित रु. ६० लाख सम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (१) मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ। सो नियम वमोजिम योजना तथा कार्यक्रमहरु विकास योजनावाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येवाट जिल्ला विकास समितिले सम्वन्धित निकायको समेत परामर्श लिई उपभोक्ता समिति गठन गराउनु पर्ने, सोही नियमावलीको नियम २०८ (१) ले व्यवस्था गरेको देखिन्छ। नियमावलीको नियम २०५ (३) मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष ८४० वटा योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मध्ये उपभोक्ता समितिहरुको वर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन । यसरी गठित उपभोक्ता समिति कुन निकायमा दर्ता भएको हो र कुन निकायवाट नविकरण गरिएको हो, सो समेत श्रेस्तामा खुल्न आएन । उपभोक्ता समिति दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नहुनुमा कानूनको पालना नगर्नु उपभोक्ता समिति गठन भएपछि उपभोक्ता समितिहरुलाई निर्माण पूर्व तथा निर्माण पश्चात तालिम दिने व्यवस्था नगरिनुनै प्रमुख कारण हुन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिँदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिहरुको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गर्ने र समय समयमा उपभोक्ता समितिलाई योजना सम्बन्धी बिषयमा तालिम तथा सेमिनार गरी व्यवस्थित गराउन सम्बन्धित निकायको ध्यान पुग्नु जरुरी छ । | | | |
| 39. | | **जेष्ठ मसान्तमा सम्पन्न नभएका योजना :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९ (१४) अनुसार जिल्ला विकास समितिले वैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ । मन्त्रालयको च.नं. ३५३ २०७२। ०२ ।१४ को पत्रबाट प्रेषित गरिएको कार्यविधिको पहिलो संशोधनले २०७२ सालको लागि मात्र २०७२ जेष्ठ मसान्तसम्म बजेट पठाउन सक्ने र नयां योजनामा सम्झौता गर्न सकिने व्यवस्था गर्ने गरी फुकुवा गरेको पाइयो तथापी कार्यविधिको दफा ३१ को सि.नं. ३ मा सञ्चालित योजना जेष्ठ मसान्त भित्र सम्पन्न गर्नुपर्ने उल्लेख नै भएको परिप्रेक्ष्यमा लेखापरीक्षणको क्रममा कार्यालयले यस आ.व.मा ७९८ कार्यक्रमबाट विभिन्न ३०५ योजनाहरु जेष्ठ मसान्तसम्म सम्पन्न नभई आषाढमा मात्र सम्पन्न भइ रु. १८०३५०९५६।०० खर्च गरेको पाइयो । | | | |
| | | कार्यविधिको व्यवस्थालाई अनुसरण नगरी अनुकुलता र मागका आधारमा योजनामा रकम विनियोजन गर्ने पद्दतिको कारण एवं कतिपय अवस्थामा अख्तियारी नै ढिला प्राप्त हुन आउने भएकाले यस्तो अवस्था र वैशाख मसान्तपछि सम्झौता गरी रकम बाँडफाँड र निकासा दिएका कारणबाट उक्त अवस्था सिर्जना भएको हो । जसबाट निर्धारित समयमा योजना सम्पन्न नहुनुका साथै आर्थिक वर्षको अन्त्यमा हतारमा योजना सम्पन्न गरी बजेट फ्रिज नगराउने प्रवृत्तिलाई प्रश्रय पाई निर्मित संरचनाको गुणस्तर कमसल हुन जाने हुन्छ । अत: कार्यविधिको व्यवस्था हरेक बर्ष परिवर्तन नहुने, हरेक बर्षका लागि छुट्टा छुट्टै मापदण्ड निर्धारण गर्ने व्यवस्थालाई परिवर्तन गर्ने तथा कार्यविधि विपरित ढिलो गरी योजना सम्पन्न गर्ने परिपाटिको अविलम्ब अन्त्य हुनुपर्दछ । | | | |
| 40. | | **कर्मचारी कल्याण कोष :** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ (१) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई आवश्यक पर्ने एकमहिनाको तलव रु. ६ लाख ५० हजारको हाराहारीमा रहेतापनी कल्याणकारी कोषमा यो वर्ष जिविस कोष चालुबाट रु. २५ लाख करिब ४ गुणा बढी जम्मा गरेको देखियो । यसो हुनुमा ऐन नियमका व्यवस्थालाई ख्याल नगरेको तथा परिषदले पारित गरे सवै कुरा बैध ठहर्छ भन्ने मानसिकता हो । कल्याण कोषमा रकमको अभाव भएको र केही कर्मचारी अवकाश हुने भएका कारण अवकाश कोषको लागि अपुग रकमका लागि उक्त रकम कोषमा ट्रान्सफर गरिएको कार्यालयले जनाएको छ । यसका कारण आन्तरिक आयको अनुपातमा निश्चित सिमाभित्र प्रशासनिक खर्च गर्नुपर्ने कानुनी | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवस्थाको प्रतिकुल हुने गरी प्रशासनिक खर्च वढ्न गएको छ । यसर्थ, प्रशासनिक खर्चलाई सिमाभित्र राख्न नियममा व्यवस्था भएवमोजिम कल्याणकारी कोषमा रकम जम्मा हुनु पर्दछ । यसरी नियम विपरित कर्मचारी कल्याण कोषमा जानुपर्ने रकम भन्दा बढी गएको अनियमित देखिएको रु | 1950000/- | | |
| 41. | | **कार्य सम्पन्न प्रतिवेदन बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५५(५) ध मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन, नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फारम र नापी किताबको आधारमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था छ । कार्यालयले निम्न बजेट उपशिर्षक तर्फ संचालन गरेका योजनाको कार्य सम्पन्न प्रतिवेदन बेगर अन्तिम बिल भुक्तानी गरेको पाइयो । | | | |

| गो.भौ न./मिति | ब.उ.शि.नं. | विवरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| 3-2072/2/25 | ३३७१०७४ | प्हलमानपुर सडक उ.स. | 400000/- | काम नसक्दै सम्पन्न देखाएको |
| 30--072/3/31 | ३६५८०४४ | खा.पा.सिम्सेली उ.स. | 1220212/- | २०६९।७० देखि क्रमागत भई सम्पन्न |
| 46072/3/28 | ३६५८०८४ | राजीपुर बालुवागडा सडक उ.स. | 1939629/- | काम नसक्दै सम्पन्न देखाएको |
| 600-072/2/28 | आन्तरीक कोष | नि.मा.वि.भवन मर्मत | 200000/- | काम नसक्दै सम्पन्न देखाएको |
| 8-071/10/27 | ३३७१६५३ | ह्सुलीया मसुरीया सडक | 143871/- | काम नसक्दै सम्पन्न देखाएको |
| 12-071/11/06 | ३३७१६५३ | सुखड खैलाड भजनी सडक | 178782/- | काम नसक्दै सम्पन्न देखाएको |
| 190-072/2/31 | ३३११२७३ | जलवायू परिवर्तन पवेरा गा.वि.स. | 200000/- | काम नसक्दै सम्पन्न देखाएको |
| 232-072/2/21 | ,, | सामुदायिक भवन | 857000/- | काम नसक्दै सम्पन्न देखाएको |
| 233-072/3/20 | ,, | केरा खेती भजनी | 320000/- | काम नसक्दै सम्पन्न देखाएको |
| 366-2072/3/31 | 3658503 | निर्वाचन,सर्मी पक्की कल्भर्ट | 1428876/- | काम नसक्दै सम्पन्न देखाएको |
| 30-2071/10/27 | Sf]if k'lhut | पर्खाल निर्माण | 1200000/- | काम नसक्दै सम्पन्न देखाएको |
| 31-2071/10/27 | ,, | कर्णाली मा.वि.निर्माण | 200000/- | काम नसक्दै सम्पन्न देखाएको |
| 45-2071/11/04 | ,, | सशस्त्र प्रहरीबल भवन निर्माण | 100000/- | अनुदान |

| | | | | |
|---|---|---|---|---|
| 149-2072/02/13 | ,, | विभिन्न निर्माण | 4600000/- | काम नसक्दै सम्पन्न देखाएको |
| 291-072-03-31 | ,, | सडक निर्माण | 146349/- | शिवानन्द कन्स्ट्रक्सन |
| 149-072/3/31 | sG^LGh]G ;L | सहजपुर निगाली सडक | 283960/- | काम सम्पन्न नहुदै कार्य सम्पन्न |
| 152-072/03/31 | ,, | साउद टोलमा कुवा निर्माण | 40000/- | ,, |
| 421-2072-03-31 | 3658013 | प्हलमानपु ढल निर्माण | 212001/- | ,, |
| 420-2072-03-30 | ,, | मसुरीया बजार ढल निर्माण | 323836/- | ,, |
| 419-072-03-31 | ,, | पुष्पलाल बजार स्मृती भवन | 248021/- | ,, |
| | | जम्मा | 1424537/- | |

उपभोक्ता समितिले जिम्मेवारी तोकिएको कार्य समयमा सम्पन्न नगर्ने र कार्य सम्पन्न नभएकोमा नियमानुसार पेश्की पनि नजनाउने प्रवृति नै यस्को मूल कारण रहेको देखिन्छ। कार्य सम्पन्न बेगर भुक्तानी दिदा सम्झौता बमोजिम उक्त योजनाको कार्य भएको भन्ने आधार स्पष्ट हुन सकेन। यसबाट योजनाको लक्षित उद्देश्य हासिल हुन नसक्ने देखिन्छ। अतः नियमावलीको नियम १५५(५) ध बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ।

42. **सार्वजनिक परीक्षण नगरिएको :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५६(प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न बजेट उपशीर्षकबाट विभिन्न योजनामा सार्वजनिक परीक्षण विना भुक्तानी दिएको देखियो। उपभोक्ता समितिवाट संचालित योजनाको फरफारक गर्दा प्राविधिक नाँपजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सार्वजनिक परीक्षण सबै योजनामा गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन। यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ भनि विश्वस्त हुने आधार देखिदैन। प्राविधिक जाँचपाँस भएकोमा मिति स्पष्ट उल्लेख गरी उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गर्ने गराउने तर्फ सम्वन्धित सवैको ध्यान पुग्नु पर्दछ। सामाजिक परीक्षण नभएका केही आयोजनाको उदाहरण तल प्रस्तुत गरिएको छ।

| ब.उ.शि.नं. | भौ.नं./मिति | विवरण | भुक्तानी |
|---|---|---|---|
| ३६५८३७४ | ११-०७१/११/२१ | टुडेला खोला तटवन्ध कार्य | २१८२५० |

| | | | |
|---|---|---|---|
| ,, | ४-०७१/०९/२९ | अवस्थी टोल बोरिङ सिचाई | ७२५५० |
| ,, | १५-०७१/१२/२० | बालुवागडा सिचाई | २१८२५० |
| ,, | १८-०७२/०१/२५ | मगरटोलमा टतवन्धन निर्माण | २१८२५० |

43. **रितपूर्वकको कर विजक :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ। निम्न भौचर र मितिबाट निम्न फर्मले जारी गरेको बिजक नम्बर केरमेट गरेको देखियो।

| गो.भौ न./मिति | ब.उ.शि.नं. | विवरण | फर्म | बिल रकम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| 2-2071/6/03 | ३३७१६५३ | निर्माण कार्य | सिसिर निर्माण सेवा (३००५१२१११९) | 150730.24 | 17340.64 | कर बिजक नं.सच्याएको |
| 290-2072-03-31 | कोष पुजिगत | ,, | न्यू स्टार कन्स्ट्रक्सन (३०३५७२२२२) | 294226.00 | 34304.39 | विलमा दर परिमाण नभएको |
| | | | | 444956.24 | 51645.03 | |

मूल्य अभिबृद्धि कर दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु तथा कार्यालयले विल विजकको चेक जाँच गरी नियमावलीको पालना गर्ने तर्फ उचित ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइन्छ। कार्यालयले सबै करदाताको भुक्तानी ई- टी.डी.एस. गरेको जनाएको छ। जसले गर्दा उक्त बिल पेश गर्ने फर्म जारी गरेको मुअकर बिलबाट असुल भएको रकम सरकारी कोषमा जम्मा भएको छ भन्ने आधार समेत किटान गर्न सकिएन । यसबाट भुक्तानी गरिएको कर रकम सरकारको राजश्वमा जम्मा नभइ सरकारी आम्दानी घट्न जाने देखिन्छ। तसर्थ मुअकरमा दर्ता भएको फर्मले रितपूर्वकको कर बीजक जारी गर्ने र कार्यालयले भुक्तानी दिँदा सो को चेकजाँच गरी भुक्तानी दिनुपर्ने देखिन्छ। कार्यालयबाट भुक्तानी लिएको कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ। 51645.03

## घ) व्यय खण्ड

44. **पेश्की बाँकि सम्वन्धमा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२ (१) मा पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो सो को विवरण पेश गर्नु पर्ने, नियम १९२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १९२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ। त्यस्तै नियम १९५(२) मा पेश्की दिनुपर्ने ठेक्का कबुलियतनामा गर्दा काम तामेल हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि बार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज समेत बुझाउनु पर्ने

कुरा कबुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ। नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्तिहरुलाई निम्न बजेट शीर्षकका कार्यक्रमहरुबाट निम्नानुसार पेश्की दिएको पाईयो।

ढिलो गरी बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुने, आर्थिक बर्षको अन्त्यतिर आएर योजना सम्झौता हुने र पेश्की फछ्र्योट नगर्ने व्यक्ति, संघ, संस्थालाई नियमावलीको प्रावधान अनुसार कारवाही नहुनाले तोकिएको समयमा पेश्की फछ्र्यौट नगरी आलटाल गर्ने प्रवृत्तिले पेश्की रकममा बृद्धि भएको देखिन्छ। समयमा पेश्की फछ्र्यौट नगर्ने प्रवृत्तिले तोकिएको समयमा योजनाहरु सम्पन्न नहुने, लक्षित समयमा काम नगरी सरकारी रकम व्यक्तिले आफ्नो साथमा राखी प्रयोग गर्ने तथा बेरुजुको प्रतिवेदनमा समेत कार्यालयको फछ्र्योट गर्न बाँकी पेश्की रकमले ठूलो हिस्सा ओगटेको देखिन्छ। आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्नाको साथै निम्नानुसारको वर्षान्तमा बांकी देखिएको पेश्की नियमानुसार फछ्र्योट हुनुपर्दछ।

| क्र.स. | पेश्की लिनेको नाम | रकम | मिति |
|---|---|---|---|
| | **सामाजिक सुरक्षा तर्फ** | | |
| १ | कोटातुल्सीपूर गा.वि.स. | २०५८४०० | २०७१।०४।०१२ |
| २ | दोदोधरा गा.वि.स. | ३२२७२०० | ,, |
| ३ | खैराला गा.वि.स. | ५३२८०० | ,, |
| ४ | सहजपुर गा.वि.स. | ९५४००० | ,, |
| ५ | चौमाला गा.वि.स. | ६५५३२०० | ,, |
| ६ | नारायणपुर गा.वि.स. | ६४२८०० | ,, |
| ७ | धनसिहपुर गा.वि.स. | २३६३६०० | ,, |
| ८ | पथरैया गा.वि.स. | ३८५२८०० | ,, |
| ९ | दुर्गौली गा.वि.स. | २९४२००० | ,, |
| १० | मुनुवा गा.वि.स. | १०३२८०० | ,, |
| ११ | सुगरखाल गा.वि.स. | ३०४९२०० | ,, |
| १२ | जानकीनगर गा.वि.स. | १०२२४०० | ,, |
| १३ | प्रतापुर गा.वि.स. | १३५८८०० | ,, |
| १४ | थापापुर गा.वि.स. | १९५२८०० | ,, |

1126210
33/-

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५ | जोशीपुर गा.वि.स. | २८११२०० | ,, | | | | |
| | | १६ | बौनिया गा.वि.स. | २३२२४०० | ,, | | | | |
| | | १७ | मसुरीया गा.वि.स. | ३९१०८०० | ,, | | | | |
| | | १८ | मोहन्याल गा.वि.स. | ६३२८०० | ,, | | | | |
| | | १९ | पण्डौन गा.वि.स. | ५८७६०० | ,, | | | | |
| | | २० | रामसिखरझाला गा.वि.स. | ३५०७६०० | ,, | | | | |
| | | २१ | पहलमानपुर गा.वि.स. | २२६९६०० | ,, | | | | |
| | | २१ | बसौटी गा.वि.स. | ४९२८०० | ,, | | | | |
| | | २२ | हसुलीया गा.वि.स. | २९०६४०० | ,, | | | | |
| | | २३ | पवेरा गा.वि.स. | ३५१०६४ | ,, | | | | |
| | | २४ | रतनपुर गा.वि.स. | ३७१६०० | ,, | | | | |
| | | २५ | फुलवारी गा.वि.स. | ४०४२४०० | ,, | | | | |
| | | २६ | गदरीया गा.वि.स. | १३४२००० | ,, | | | | |
| | | २७ | उदासीपुर गा.वि.स. | २३९५२०० | ,, | | | | |
| | | २८ | उर्मा गा.वि.स. | २०४५२०० | ,, | | | | |
| | | २९ | गोदावरी गा.वि.स. | ४०९२००० | ,, | | | | |
| | | ३० | निगाली गा.वि.स. | १०४६००० | ,, | | | | |
| | | ३१ | अत्तरीया नगरपालिका कार्यालय | १२६२८८०० | ,, | | | | |
| | | ३२ | लम्की चुहा न.पा.कार्यालय | १०१९६८०० | ,, | | | | |
| | | ३३ | घोडाघोडी न.पा.कार्यालय | ६७६४००० | २०७१।११र१३ | | | | |
| | | ३४ | भजनी त्रिशक्ति न.पा.कार्यालय | १०७०७२०० | २०७१।११।१३ | | | | |
| | | | **जम्मा** | **१०६९६६२६४** | | | | | |
| | | | **उपेक्षित उत्पिडित दलितबर्ग उत्थान** | | | | | | |
| | | १ | स्वरोजगार सिलाई कटाई नि.उ.स.टिकापुर कैलाली | ५६००००।०० | २०७२।०२।२७ | | | | |
| | | | **जम्मा** | ५६००००।०० | | | | | |

| | | | |
|---|---|---|---|
| | **३६५८०९४ भ्कोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम** | | |
| १ | खैराला गा.वि.स.को कार्यालय | २४००० | २०७२।०३।०३ |
| २ | सहजपुर गा.वि.स.को कार्यालय | ६६००० | ,, |
| ३ | सुगरखाल गा.वि.स.को कार्यालय | १२००० | ,, |
| ४ | मोहन्याल गा.वि.स.को कार्यालय | ६००० | ,, |
| ५ | गदरीया गा.वि.स.को कार्यालय | ६००० | ,, |
| ६ | निगाली गा.वि.स.को कार्यालय | ४८००० | ,, |
| | **जम्मा** | **१६२०००** | |
| | **३६५८१९३ स्था.शासन तथा सामुदायिक विकास कार्यक्रम** | | |
| १ | श्री विमल कुमार ओझा (ब.तथा ऋण परिचालक) | २५८००० | |
| | **जम्मा** | **२५८०००।००** | |

| क्र.स. | पेश्की लिनेको नाम | रकम | मिति |
|---|---|---|---|
| | **३६५८५०३ निर्वाचन क्षेत्र विकास कार्यक्र** | | |
| १ | युवा शसक्तिकरण कार्यक्रम | **६५०००।००** | २०७१।११।२६ |
| | **३६५०१३जि.वि.स.अनुदान** | | |
| १ | ड्राइभर अमर वस्नेत | २००००० | २०७२।३।२८ |
| २ | का.स.टोक बहादुर चौधरी | ७०००० | ,, |
| | जम्मा | २७०००० | |
| | **३३११२७३ नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम** | | |

| | | | |
|---|---|---|---|
| १ | श्री दिपेश ठाकुर | १७,२७७.०० | २०७१।१०।६ |
| २ | श्री रविन्द्र चौधरी कृषि प्राविधिक | ३१०,०००.०० | २०७२।३।८ |
| ३ | श्री गोवरैला सिचाई बाध नि.उ.स. | ३००,०००.०० | २०७१।१२।१० |
| ४ | कटान नियन्त्रणका लागि प.नि.उ.स.नारायणपुर | ३००,०००.०० | २०७१।१२।१० |
| ५ | सिचाई कुलो नि.उ.स.टिकापुर २ | २५,०००.०० | २०७२।१।८ |
| ६ | स्यालो टयूवेल तथा बोरिङ्ग जडान उ.स.टिकापुर | ५३,३३३.०० | २०७२।१।७ |
| ७ | नहर कुलो नि.तथा मर्मत उ.स.टिकापुर | २००,०००.०० | २०७२।१।६ |
| ८ | समुहगत वजारीकरण प्र.का.टिकापुर | ५०,०००.०० | २०७२।१।२२ |
| ९ | बृक्षारोपण उपभोक्ता समिति धनसिहपुर | ५०,०००.०० | २०७२।१।०७ |
| १० | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | ३२६००० | २०७१।११।१२ |
| ११ | लालबोझी गा.वि.स. | ८५००० | २०७१।१०।२३ |
| १२ | भजनी त्रिशक्ति न.पा. | ८५००० | २०७१।१०।२३ |
| १३ | टिकापुर न.पा.कार्यालय कैलाली | ८५००० | २०७१।१०।२३ |
| | **जम्मा** | **१८८६६१०** | |
| | **३६५८३१४ स्थानीय स्तरका सडकपुल कार्यक्रम** | | |
| १ | श्री राजेन्द्र/थेगीम/एडभेन्चर जे.भी. | १७२८१५९.०० | २०७१।४।१ |
| | **राजस्व कोष पुजिगत** | | |
| १ | एकाउन्टविलिटी इनिसियटिभ प्रा.लि. | १२५००० | २०७१।११।२१ |
| | **जि.वि.स.आन्तरिक कोष चालु** | | |
| १ | सा.वि.अ.श्री यगम कलेल | ६००००० | २०७२।३।१७ |
| | कुल जम्मा | ११२६२१०३३.०० | |

45. **सम्झौता भन्दा बढी भुक्तानी :** कार्यालयसंग भएको सम्झौता बमोजिमको कार्यसम्पन्न गर्नुपर्ने र सम्झौता बमोजिम मात्र भुक्तानी दिनुपर्ने हुन्छ। लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गर्दा यस वर्ष संचालित निम्न योजनाको निम्नानुसार सम्झौता रकम भन्दा बढी भुक्तानी दिएको देखियो।

| गो.भौ न./मिति | ब.उ.शि.नं. | विवरण | फर्म | सम्झौता | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 29-2072/3/25 | 3371074 | रामपुर बेलुवा घैला सडक निर्माण | रामपुर बेलुवा घैला सढक निउस. | 679000/- | 700000/- | 21000/- |
| 41-072/3/31 | ,, | सतघरुवा शान्तीनगर सडक निर्माण | सतघरुवा शान्तीनगर सडक निर्माण उ.स. | 388000/- | 400000/- | 12000/- |
| 22-072/1/15 | 3658084 | चिसापानी सोल्टा सडक नि. | चिसापानी सोल्टा सडक नि.उ.स. | 890100/- | 914880/- | 24780/- |
| 50-072/3/30 | ,, | सिमली पण्डौन सडक नि. | सिमली पण्डौन सडक नि.उ.स. | 1940000/- | 2000000/- | 60000/- |
| 12,31-072/3/24 | 3658374 | धनगढी सिचाई कुलो नि. | धनगढी सिचाई कुलो नि.उ.स. | 218250/- | 220500/- | 2000/- |
| 371-072/3/31 | 3658503 | हिमालय उ.मा.वि.भवन | हिमालय उ.मा.वि.भवन नि.उ.स. | 451419/- | 458419/- | 7000/- |
| 276-2072/3/17 | 3658503 | कार्यक्रम संचालन | युवा शसक्तिकरण | 130000/- | 195000/- | 65000/- |
| 13-071/09/3 | sf]]if rfn' | गडी भाडा | गाडी आपूर्तक | 7000/- | 8200/- | 1200/- |
| | | | जम्मा | | | 192980/- |

यसरी बढी भुक्तानी हुन गई व्ययभार पर्न गएको देखियो। बढी भुक्तानी भएको रकम सम्बन्धित पार्टी बाट असुल हुनु पर्ने रु 192980/-

46. **बस्तुगत सहयोगको लागत अनुमान नरहेको :** सार्वजनिक खरिद ऐन २०६३ को दफा छ (१) बमोजिम सार्वजनिक निकायले कुनै पनि खरिदको लागि पच्चीस हजार रुपैयाँ भन्दा माथिको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५५(५) ध मा उपभोक्ता समितिले गरेको निमाण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फारम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिइने व्यवस्था छ। कार्यालयले खरिद गरी वितरण गरेका निम्न सामग्रीको लागत अनुमान, प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न पेश भएन। त्यसैगरी यी सामान कार्यालयमा जिन्सी दाखिला नगरी सिधै फिल्डमा पठाएको भनी खर्च लेखेको पाइयो।

| गो.भौ न./मिति | ब.उ.शि.नं. | विवरण | गा.वि.स | रकम | कैफियत |
|---|---|---|---|---|---|
| 26-072/3/28 | 3658094 | रामसिखरझाला झो.पु.सामान | रामसिखर झाला | 2355917.89 | लागत अनुमान, मूल्याङ्कन र परिक्षण हुनु पर्ने । |
| 25-072/3/28 | ,, | कोटातुल्सीपुर झो.पु.सामान | कोटातृल्सिपुर | 2058173.48 | लागत अनुमान, मूल्याङ्कन र परिक्षण हुनु पर्ने । |
| 24-072/3/28 | ,, | बसौटी झो.पु. सामान | बसौटी | 1861231 | लागत अनुमान, मूल्याङ्कन र परिक्षण हुनु पर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| 12-2072/3/17 | ,, | फेब्रिक पार्टस | | 394208.00 | लागत अनुमान, मूल्याङ्कन र परिक्षण हुनु पर्ने । |
| 13-2072/3/17 | ,, | ,, | | 34449.00 | लागत अनुमान, मूल्याङ्कन र परिक्षण हुनु पर्ने । |
| 23-072/3/31 | ३६५८०४३ | होडिङ वोर्ड खानेपानी सम्बन्धि | | 638000.00 | लागत अनुमान, मूल्याङ्कन र परिक्षण हुनु पर्ने । |
| | | **जम्मा** | | **7341979.37** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालयले आवश्यक पर्ने वस्तुगत सामान खरिदको उचित प्रक्रियाद्वारा खरिद गरी जिन्सीमा आम्दानी बाँधेर उपभोक्ता समितिलाई जिन्सी हस्तान्तरण गर्ने र सो को लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन समेत बताउनु पर्नेमा सो बमोजिम नगर्नु यसको कारण रहेको पाइयो । यसबाट उक्त सामान सोही योजनामा प्रयोग भएको भन्ने विश्वसनीय आधार देखिदैन । अतः उक्त वस्तुगत सहयोगको प्राविधिक मूल्याङ्कन तथा कार्यालयको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु. | **7341979.37** | | |
| 47. | | **कन्टिन्जेन्सी खर्च** - सार्बजनिक खरिद नियमावली २०६४, को नियम १०(७) सँग सम्बन्धित अनुसुचि १ मानिर्माण कार्यको लागतअनुमानतयार गर्दा वर्क चार्ज तथा सानातिनाअन्यखर्चको लागी ५ प्रतिशत कन्टिजेन्सी समाबेश गर्न सकिने ब्यबस्था छ । पूँजिगत प्रकृतीका निर्माण कार्य सम्पन्न गर्ने सिलसिलामा लागेका सम्बद्ध अन्य खर्च मात्र कन्टिन्जेन्सीका रुपमा खर्च लेख्नु पर्दछ । विभिन्न शीर्षकमा खर्चको प्रयोजन मुख्यतया भ्रमण, स्टेशनरी, कार्यालय सामान बैठक भत्ता जस्ता काममा खर्च गरेको देखियो । निर्माण कार्य सँग सम्बद्ध रहने गरी खर्च गरेको पुष्ट्याई नरहेकोले कन्टिजेन्सी खर्च रु. ३६८२०६६।- मनासिब रहेको भनि यकिन गर्न सकिएन । नियमानुसार कन्टीन्जेन्सी खाता राखी सम्बन्धित काममा खर्च गर्ने तर्फ सुधार हुनुपर्ने देखियो ।<br>क) प्रत्येक पूजिगत शिर्षकमा निकासा आएपछि निकासा रकमको ३प्रतिशत कन्टेन्जेनसी खातामा राख्ने गरेको पाईयो । वर्षान्तमा कन्टेन्जेन्सी खातामा बाकी रहेको रकम सम्बन्धित खातामा फिर्ता पठाई फ्रीज गराउनु पर्नेमा भुक्तानी दिन बाकी देखिएको ४ जना निर्माण व्यवसायीको विलरु.७४१३९४।०० भुक्तानी गरेको देखियो । यसरी खर्च नहुदै निकासा रकमबाट कन्टेन्जेन्सी खातामा रकम राख्ने परिपाटी बन्द गर्नुपर्ने देखियो । | | | |
| 48. | | **निर्वाचन क्षेत्र विकास कार्यक्रमः** | | | |
| 48.1. | | **नियमको पालना :** निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि नियमावली २०५८ को चौथो संशोधन नियमावली २०७१ को नियम ३ बमोजिम कार्यक्रम छनौट गर्दा आवधिक जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको परिधि भित्र परेको, श्रममा आधारित योजना, कम्तिमा २० प्रतिशत जनसहभागिता हुने सिचाई, सडक निर्माण, खानेपानी, विद्युतीकरण, सार्वजनिक निर्माणसँग सम्वन्धित आयोजना तथा आयमूलक तालिम तथा सिप विकास सम्वन्धी आयोजना छनौट गर्नु पर्ने र कुनै गैरसरकारी संघसंस्था, कुनै राजनैतिक दल वा तिनीहरुका भातृ संघसंगठन, संस्था वा व्यक्ति लाई आर्थिक सहायता दिन नपाउने व्यवस्था छ । कार्यालयले यस वर्ष निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गतको रकम खर्च गर्दा फर्निचर, ह्युमपाइप, जस्ता निर्माण सामग्री | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खरिद गरी वितरण गरेको देखियो । निर्माण सामग्री खरिद विल तथा वितरण भरपाइको आधारमा खर्च गर्दा उक्त सामानको प्रयोग भए नभएको एकिन गर्न सकिएन । कार्यविधि अनुसार निर्माण पूर्वाधार सम्वन्धी आयोजना छनौट गरी सो को लागत अनुमान तथा मूल्यांकन गरी भुक्तानी दिनु पर्दछ । फर्निचर जस्ता अफिस सामान वितरण गर्न आर्थिक सहायता गर्न मिल्ने देखिदैन । वितरण गरिएका निर्माण सामग्रीको उपयोग र मूल्यांकन प्रतिवेदन वेगर भुक्तानी गर्दा ती सामान जिल्ला विकास समिति, गाउ विकास समितिबाट संचालित अन्य योजनामा प्रयोग भई दोहोरो बढी भुक्तानी हुन सक्ने, बुझिलिएको व्यक्तिले दुरुपयोग गर्न सक्ने हुदा खरिद तथा वितरण गरेका सामानको उपयोग मूल्यांकन तथा दाखिला प्रतिवेदन, अनुगमन प्रतिवेदन पेश हुने व्यवस्था मिलाइनु पर्दछ । | | | |
| 48.2. | | **अनुगमन प्रतिवेदन** : निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि नियमावली २०५८ को चौथो संशोधन नियमावली २०७१ को नियम ८ क (२) मा संविधान सभाका सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको बर्षमा कम्तिमा १ पटक अनुगमन गरि सो को प्रतिवेदन जिल्ला विकास समितिमा दिनुपर्ने व्यवस्था गरेकोमा यस जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रत्यक्षतर्फका ६ र समानुपातिक तर्फका १६ गरी २२ जना माननीय सभासदज्यूहरुबाट रु. ८ करोड ४० लाखका कार्यक्रम संचालन गरी रु. ८ करोड १० लाख ६२ हजार खर्च गरेको देखियो । यो वर्ष प्राप्त निकासा मध्ये रु.२९ लाख ३८ हजार खर्च नभई रकम फ्रिज भएको पाईयो । यसरी पूर्वाधार क्षेत्र विशेष कार्यक्रम तथा निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि आयको रकम खर्च नहुदा लक्षित समुह लाभबाट बन्चित भएको देखियो । वर्षान्तमा सभासदज्यूहरुबाट अनुगमन प्रतिवेदन पेश भएकोमा कार्यक्रमगत प्रगति विवरण रहेको पाईएन । | | | |
| 48.3. | | **पूर्वाधारतर्फ तोकिएको रकम खर्च नगरेको:** निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि नियमावली २०५८ को चौथो संशोधन नियमावली २०७१ को नियम ४(१) को १(ख) मा यस नियमावली अनुसार कार्यक्रम छनौट गर्दा पूर्वाधार निर्माणमा ५० प्रतिशत रकम खर्च गर्नेगरी योजना छनौट गर्नुपर्ने व्यवस्था छ । केही माननीय सभासदहरुले उक्त व्यवस्थाका पालन नगरेको र ह्युम पाइप, विद्युत पोल जस्ता निर्माण सामग्री खरिद तथा वितरण गरेको देखिन्छ । नियमावलीको पालना नगर्नु नै पूर्वाधारतर्फ घटी कार्य गर्ने कारण हो । यसले विकास निर्माणका कार्यबाट जनताले लाभ हासिल गर्नसक्ने देखिदैन । अतः तोकिएको व्यवस्था बमोजिम पूर्वाधार निर्माणमा ५० प्रतिशत रकम खर्च नगरी घटी खर्च गरेको नियमित देखिदैन । | | | |
| 49. | | **ब.उ.शी.नं. ३६५01५३ (सामाजिक सुरक्षा कार्यक्रम ) तर्फः** | | | |
| 49.1. | | **भत्ता वितरणः** यस कार्यक्रम अन्तर्गत रु.२६७९५२४८०। को अख्तियारी प्राप्त भएकोमा त्यतिनै रकम खर्च भएको छ। जिल्लाका ३१ गा.वि.स. र ४ नगरपालिका (भजनी त्रिशक्ति ,अत्तरीया , घोडाघोडी र लम्की चुहा न.पा.) को लागि तीन किस्ताको लागि उक्त रकम निकासा भएको हो। धनगढी तथा टिकापुर नगरपालिकामा जाने निकासा यसमा समावेस भएको छैन। | | | |
| 49.2. | | **जनसंख्या प्रतिशत :** जिल्ला विकास समिति कैलालीको राष्ट्रिय जनगणना २०६८ मा उल्लेखित यस जिल्लाको कुल जनसंख्या ८ लाख २५ हजार मध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरणअनुसार भत्ता पाउने व्यक्तिको संख्या ५७८२८ रहेको छ । जसअनुसार जिल्लाको कुल जनसंख्यामध्ये सामाजिक सुरक्षा (लोपोन्मुख आदीवासी जनजाती समेत) प्राप्त गर्नेको संख्या ७ प्रतिशत हुन आएको छ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 49.3. | | **पेश्की फछ्र्यौट** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को बुदा नं १३ (६) घ मा प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भपाई भुक्तानी गरेको १५ दिन भित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिमा पठाउनु पर्ने र बुँदा नं. १३ (६) च मा जिल्ला विकास समितिले रकम निकासा दिंदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बाँकी रहेको रकम कटाएर मात्र निकासा दिनुपर्ने उल्लेख छ। यस जिल्ला विकास समितिले गाविसहरुलाई अघिल्लो म्याद नाघेको पेश्की जिम्मेवारी **रु.६७२३५०।००** पेश्की फछ्र्यौट नगरी चालु आ.व.मा ३१ गाविस र ४ नगरपालिकाको रु १०६९६६२६४।०० पेश्कि बांकी देखिएको छ। अतः सामाजिक सुरक्षा वापत निकासा भएकोरकम सम्बन्धित लक्षित समूहलाई समयमै वितरण गरी सो को बिल भरपाई तोकिएको समयमै जिविसमा पेश गरी पेश्की फरफारक गरी कार्यविधिको पालना गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ। | | | |
| 49.4. | | **लगत कट्टा गर्नुपर्ने** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को बुदा नं. ३ (च) ४ मा प्रत्येक गाउँ विकास समितिले बालसंरक्षण अनुदान वितरण गर्नको लागि उमेरको गणना गर्दा कुनै बालबालिका कुनै महिनाको पन्ध्र गते सम्ममा पाँच वर्ष पूरा हुने भए सो महिनासम्मको पूरै रकम प्रदान गर्ने र सोह्र गते भन्दापछि पाँच बर्ष (साठी महिना) पूरा हुने भए सो महिनादेखि रकम वितरण नगर्ने व्यवस्था मिलाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। कार्यविधिले तोकेको उमेर भन्दा बढी उमेरका बलबालीकाको नाममा भत्ता वितरण गर्न मिल्दैन। कार्यालयले बालबालिकाको नाम र जन्म मिति सहीतको अध्यावधिक अभिलेख तयार नगरी निकासा दिएकाले भरपाइको परीक्षणबाट उमेर पूरा भई सकेपछि समेत भत्ता वितरण गरी भरपाई पेश गर्ने गरेको देखियो। उमेर पुगेका बालबालिकाको नाममा पोषण भत्ता वितरण भएको सम्बन्धमा कार्यालयबाट छानविन गरी लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ। | | | |
| 49.5. | | **लगत कट्टा गरेको अनुगमन गर्नुपर्ने** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्तिको संयोजकत्वमा सामाजिक सुरक्षा जिल्ला समन्वय समिति गठन गर्नु पर्ने व्यवस्था छ। कार्यविधिको दफा २३ मा उक्त समन्वय समितिसँग समन्वय गरि जिल्ला विकास समितिको कार्यालयले भत्ता वितरण प्रक्रियाको निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था छ। कार्यविधिको उक्त व्यवस्था अनुसार कार्यालयले निरिक्षण र अनुगमन गरी मृत्यु भएका केही व्यक्तिको नामावली कट्टा गरेको भएतापनि सबै गाविसहरुमा निरीक्षण र अनुगमन गरी दोहोरो नामावलीबाट भुक्तानी भएको, उमेर पुगेका बालबालिकाको नाममा भुक्तानी भएको, मृत्यु भईसकेपछि आर्थिक वर्ष भरी भत्ता वितरण गरेको सम्बन्धमा छानविन गरी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ। | | | |
| 49.6. | | **मुचुल्का सम्बन्धमा** : कार्यविधिको दफा ६ मा सामाजिक सुरक्षा भत्ता सुविधा उपभोग गर्ने सबै व्यक्तिको अनिवार्य रुपमा परिचयपत्र बनाउनु पर्ने र परिचयपत्र नबनाउने व्यक्ति लाई भत्ता वितरण गर्न नपाइने व्यवस्था छ। परिचयपत्र बनाउने व्यक्तिको परिचयपत्रमा परिचयपत्र नम्बर उल्लेख गरि सोहि नम्बरको आधारमा मुल अभिलेख तयार गर्ने र मुल अभिलेखकै आधारमा परिचयपत्र नम्बरको सिलसिलेवार नम्बर अनुसार वितरण भर्पाई तयार गरि भत्ता वितरण गर्नु पर्दछ। कार्यविधिको दफा १९ (५) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको नाम नामेसि सम्वधित जिल्ला विकास समितिको वेभसाइटमा राख्ने व्यवस्था भएकोमा कार्यालयले वेभसाइटमा नामनामेसि अद्यावधिक गरेको भएतापनि केही गाविस नमुना छनौटको आधारमा भर्पाई र मूल अभिलेखको नामावली भिडान गर्दा दोहोरो नामावली समेत | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | देखिएकोले वेवसाइटमा भएको दोहोरो नामावली हटाई अद्यावधिक गर्नुपर्ने देखिन्छ । कार्यविधिको दफा १३ (६) क मा प्रत्येक गाँउ विकास समितिमा मा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एंवम समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भ्रद्र भलाद्मीको रोहवरमा वितरण गरेको मुचुलका समेत तयार गरी एक प्रति लेखापरीक्षणको लागि भर्पाईसँग राख्नु पर्ने व्यवस्था छ । सो व्यवस्था बमोजिम लेखापरीक्षणको लागि पेश भएको भर्पाईसँग मुचुल्का राख्ने गरेको देखिएन र आंशिक रुपमा राखिएकोमा जुन दिन वितरण गरेको हो सोही बमोजिमको मुचुल्का नभइ एकमुष्ट रकम वितरण भएको व्यहोराको मुचुल्का पेश भएको छ । मुचुल्का तयार नगरी भत्ता वितरण गर्दा सबन्धित व्यक्तिले नै भत्ता प्राप्त गरेको छ भन्न सक्ने आधार हुँदैन । कार्यविधिले तोकेबमोजिमको भत्ता वितरण गरेको दिन मुचुल्का तयार गरी कार्यालयमा पेश्की फछ्र्यौटका लागि फाँटबारीसाथ संलग्न गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । | | | |
| 49.7. | | **परिचयपत्र** :कार्यविधिको दफा ६ मा सामाजिक सुरक्षा भत्ता सुविधा उपभोग गर्ने सबै व्यक्तिको अनिवार्य रुपमा परिचयपत्र बनाउनु पर्ने र परिचयपत्र नबनाउने व्यक्ति लाई भत्ता वितरण गर्न नपाइने व्यवस्था छ । परिचयपत्र बनाउने व्यक्तिको परिचयपत्रमा परिचयपत्र नम्बर उल्लेख गरि सोहि नम्बरको आधारमा मुल अभिलेख तयार गर्ने र मुल अभिलेखकै आधारमा परिचयपत्र नम्बरको सिलसिलेवार नम्बर अनुसार वितरण भपाई तयार गरि भत्ता वितरण गर्नु पर्दछ । नमुना छनोटको आधारमा परिक्षण गर्दा आगामी आर्थिक वर्षको लागि अध्यावधिक गरेको अभिलेखमा नाम नभएका व्यक्तिलाई पनि भत्ता वितरण गरेको देखियो । कार्यालयले मुल अभिलेख अद्यावधिक गरिसकेपछि प्राप्त हुने भरपाईमा नाम हटिसकेको व्यक्तिले भुक्तानी लिएको छ/छैन भनि मुल अभिलेख संग भिडान नगरि निकासा तथा पेश्की फर्छौट गरेको कारण वास्तविक लाभग्राहिले मात्र भुक्तानी लिएको हो भन्न सक्ने आधार भएन । यस सम्बन्धमा सम्बन्धित निकायले छानविन गर्नु जरुरी देखिन्छ । | | | |
| 49.8. | | **वेभसाइटमा विवरण नराखेको:** कार्यविधिको दफा १९ (५) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको नामनामेसि सम्वधित जिल्ला विकास समितिको वेभसाइटमा राख्ने व्यवस्था भएकोमा यस कार्यालयले आर्थिक वर्ष ०७१।७२ को मुल अभिलेख वेभसाइटमा राखेको देखिएन । कार्यविधिको पालना नगर्नु यसको कारण हो । यसबाट जनताले सूसुचित हुन पाउने अवस्था नरहने भएकोले उक्त विवरण यथासिध्र वेभसाइटमा राख्ने र विद्युतिय प्रणालीको माध्यमबाट भत्ता वितरण गर्नेतर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ । | | | |
| 49.9 | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी २०६९ को बुदा १६,१७,१८,१९ बमोजिम हुनुपर्ने कार्यको कार्यान्वयन नभएकोले यस जिल्लामा वितरीत सामाजिक सुरक्षा भत्ताको पारदर्शिता एकिन गर्न सकिएन । यस जिल्लाको भत्ता वितरणको भर्पाईमा उल्लेखित नाम मूल खातामा नभिडने , परिचयपत्र नं.नमिल्ने , मुल खातामा रहेका व्यक्तिको मृत्यु , ठाऊसारीको लगत कट्टा नहुने ,मृत्यु , बसाईसराई , आदिको अद्यावधिक लगत तयार नगरी भत्ता पाउने सेवा ग्राहीको प्रमाणित लगत वेगर भूक्तानी भएको रु.२६७९५२४८०।०० को छानविन हुनुपर्दछ । लेखापरीक्षणको योजना अनुसार यस जिल्लाका सबै भन्दा बढी निकासा जाने २ र कम निकासा जाने १ गा.वि.स.को वडा नं.२, ४,६ मात्र परीक्षण गरी सबै ले.प.सम्पन्न गर्ने भन्ने रहे बमोजिम ठूलो गा.वि.स.चौमाला र फुलवारी एवं सानो गा.वि.स. पण्डौनको भत्ता वितरणको भर्पाई परीक्षण गरिएको छ । । यसरी परीक्षण गर्दा १५ भन्दा बढी निम्नानुसार त्रुटी फेला परेकोले उक्त गा.वि.स.मा वितरण गरिएको भत्ता रकमको छानविन हुनुपर्ने रु. | 27710400/- | | |

क) चौमाला २ परिचयपत्र नं.७० को नरु साउद सि.नं.८२ र ८४ समेत २ ठाउमा राखी मूलअभिलेख तयार गरेको ।
ख) चौमाला ४ को परिचयपत्र नं.५९१ जोगे कामीको प्रथम किस्ताको भर्पाईमा मृत्यु लेखेकोमा दोश्रो किस्तामा रु.२०००।०० को भर्पाई पेश गरेको ।
ग) चौमाला २ को विधवा तर्फ विरमा देवी रावतको प्रथम र तेश्रो चौमासिकको भरर्पाई खाली तर दोश्रोमा भुक्तानी रु.२०००।००
घ) चौमाला २ दलित वालसरक्षण तर्फ मूल खातामा नाम नभएको सौरभ सिलाधरलाई प्रथम र दोश्रो किस्ता रु.१६००।०० भुक्तानी ।
ङ) फुलवारी तथा पण्डौन गा.वि.स.को सामाजिक सुरक्षा वितरण गर्ने मुल अभिलेख गतविगत वर्ष देखि अद्यावधिक नगरी भत्ता वितरण हुदै आएको ।

च) चौमाला गा.वि.स.को मुल खातामा नाम नरहेका व्यक्तिलाई भत्ता भुक्तानीको विवरण :

| वडा नं.२ | | | वडा नं.४ | | | वडा नं.६ | | | विवरण | असुल हुनुपर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र.चौ. | द्वि.चौ. | तृ.चौ | प्र.चौ. | द्वि.चौ. | तृ.चौ | प्र.चौ. | द्वि.चौ. | तृ.चौ | | संख्या | रकम |
| ६ | ९ | ६ | ० | ६ | ५ | २ | २ | १ | जेष्ठ नागरिक | ३७ | ७४००० |
| ० | ० | २ | ० | ० | ३ | ० | ० | ४ | विधवा | ९ | १८००० |
| ० | ० | ० | ४ | ४ | ४ | ० | ० | ० | राजी जाती | १२ | ४८००० |
| ३ | ० | ३ | ० | ३ | ३ | ० | ० | ० | बालक दलित | १२ | १२४०० |
| ९ | ९ | ११ | ४ | १३ | १५ | २ | २ | ५ | | ७० | १५२४०० |

50 भ्रमण खर्च नियमावली २०६४ को नियम १८ बमोजिम भ्रमणमा खटिने कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदनसाथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ । यो व्यवस्था अनुसार भ्रमण प्रतिवेदन पेश गरेको पाइएन भने सोही नियमावलीको नियम २१ बमोजिम भ्रमण अभिलेख राख्ने गरेको देखिएन ।

**ब.उ.शी.नं. ३३११२७३ नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम**

51 कैलाली जिल्लाका ८ गाविसमा पशु ,स्वास्थ्य ,घरेलु,खानेपानी भूसंरक्षण तथा व्यवस्थापन सम्बन्धमा तालिम, प्राङगरिक मल बनाउने तालिम, सिलाई कटाई तालीम , वगरखेती लगायत ८२ कार्यक्रम संचालन गरी यो वर्ष नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम ( LAPA) मा रु.४३०२३०२०।०० खर्च भएको देखियो । स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद ५ बमोजिम उपलब्धीको अनुगमन तथा मूल्याङकन प्रतिवेदन तयार भएको पाइएन । कार्यक्रमगत खर्च रजिष्टर नराख्ने पेश्की माथी पेश्की दिई समयमा फछ्र्यौट नगर्ने , आषाढमा मात्र १०२ वटा भौचरबाट रु.१५६९७६४८। ०० पे.फ.भएका एकमुष्ट विल भरपाई पेश भएको र नर्मस अनुसार खर्च भएको आधार वेगर खर्च लेखेको हुदा कार्यक्रमको खर्च यकिन हुन सकेन । हतारमा वर्षान्तमा कार्य सम्पन्न हुंदा गुणस्तर कायम हुन नसक्ने अवस्था देखियो ।

| | | | | | |
|---|---|---|---|---|---|
| 52 | | **अनुगमन तथा मूल्यांकन** :स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद ५ अनुसार देहायबमोजिमका कार्यक्रममा भएको खर्च र अनुदानको अनुगमन मूल्याङ्कन हुने गरेको पाइएन । यसले गर्दा भए गरेका कामको उपलब्धि र उपयोग सम्बन्धमा मूल्याङ्कन गर्न सक्ने अवस्था नरहेको हुंदा यस सम्बन्धमा सुधार हुनुपर्ने देखियो । । | | | |
| | 26-072/2/13<br>27-072/2/14<br>29-072/2/14<br>47-072/3/14<br>9-072/3/16<br>56-072/3/20 | (तलको तालिका) | | | |

| कार्यक्रम | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| जलवायु परिवर्तन | ३ गा.वि.स.मा | 600000/- | आकष्मिक कोष स्थापना |
| ,, | ११ समुदाय | 255000/- | सामुदायिक आकस्मिक घुम्ती कोष |
| ,, | ६ गा.वि.स. | 700000/- | डुंगा खरिद |
| ,, | पवेरा गा.वि.स. | 175000/- | धुवा रहित चुलो |
| ३६५८१९३ | २६ नागरिक सचेतना केन्द्र | 2600000/- | घुम्ती कोष |
| ,, | प्रशासनिक खर्च अनुदान | 1080000/- | प्रशासनिक खर्च |
| ,, | सामुदायिक पूर्वाधार | 5040000/- | बंगुरपालन |
| ,, | परिचालकको तलब | 864000/- | गा.वि.स.अनुदान |
| ,, | सामुदायिक पूर्वाधार | 2520000/- | बंगुरपालन |
| ,, | जिविको पार्जन | 500000/- | घुम्ती कोष |
| ३४९८०१३ | ३१ गा.वि.स. | 682000/- | शान्ति समिति |
| जि.वि.स. कोष | भजनी गा.वि.स. | 50000/- | जनता पुस्तकालय सुदृढिकरण |
| जि.वि.स.कोष। | धनगढी<br>जम्मा | 100000/-<br>14311000/- | जन पुस्तकालय सुदृढिकरण |

| | | | | | |
|---|---|---|---|---|---|
| 52.1 | | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद ५ बमोजिम अनुगमन मूल्याङ्कन नगरी नेपाल जलवायु परिवर्तन कार्यक्रम अर्न्तगत यो वर्ष निम्न कार्यालयहरुलाई कार्यक्रम संचालन गर्न रकम पठाएकोमा पेश भएका श्रेस्ता अनुसार कार्यक्रम रजिष्टर नरहेको, लागत अनुमान र गर्नुपर्ने काम नखुलेको, संयुक्त रुपमा संचालन हुने कार्यक्रम भएको र सम्बन्धित कार्यालयले पनि सो सम्बन्धि कार्यक्रम गर्ने हुंदा खर्च दोहोरो पर्न सक्ने अवस्था रहेकोले एकमुष्ट बिलभर्पाई राखी खर्च लेखेको रकम अनियमित देखिएको रु. | 5310000/- | | |

| भौ.नं./मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| २-071/4/26 | जिल्ला पशु कार्यालय कैलाली | 300000/- | |
| 223-072/3/10 | जिल्ला कृषि विकास कार्यालय कैलाली | 1490000/- | |
| ,,-072/3/10 | जिल्ला स्वास्थ्य कार्यालय कैलाली | 1000000/- | औषधि वितरणको भर्पाइ नरहेको समेत |
| ,, | जिल्ला वन कार्यालय कैलाली | 680000/- | |
| ,, | महिला तथा बालबालिका कार्यालय कैलाली | 700000/- | |
| ,, | घरेलु तथा साना उद्योग कार्यालय कैलाली | 300000/- | |
| ,, | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कैलाली | 400000/- | |
| ,, | जिल्ला भूसंरक्षण कार्यालय कैलाली | 40000/- | |
| ,, | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कैलाली | 40000/- | |
| | जम्मा | 5310000/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| 52.2 | | डि.वी.मेडिसिन सेन्टरबाट रु.२९३३५७।०० को प्राथमिक उपचार वक्स खरिद गरेको भनि रु.२९५३५७।००भुक्तानी भएकोमा रु.२०००।०० बढी भुक्तानी भएको असुल हुनुपर्ने र खरिद भएका प्राथमिक उपचार वक्स वितरण भएको भरपाई र खर्च पुष्टयाई हुनुपर्ने रु. | 295357/- | | |
| 52.3 | | विभिन्न भौचरबाट नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत जिल्ला स्तरीय सदस्यहरुले अनुगमन भ्रमण गरेको तथा विभिन्न कार्यक्रम संचालन गरे वापत भएका खर्चको प्रतिवेदन तयार गर्नुपर्ने भनि संयोजक योगेन्द्र प्रसाद ओझा र उर्जा अधिकृत दिपेश ठाकुरले रु.४७२६०।० भुक्तानी लिएकोमा नियमानुसार प्रतिवेदन पेश गर्नुपर्ने रु. | 47260/- | | |
| 52.4 | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) अनुसार खर्च गर्दा खर्चको विल भरपाई राख्नुपर्नेमा सो वेगर निम्नानुसार खर्च गरेको देखिएकोले आवश्यक अनुगमन गरि भर्पाई पेश हुनुपर्ने रु. | 2097100/- | | |

| भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २९७।२०७२।२।२८ | अल्ट्रा सोलार इनर्जिबाट १५९ घरमा सोलार जडान | १०९७१००।०० |
| १७३।२०७२।२।८ | ६गा.वि.स.मा २३५० सुधारिएको चुलो वितरण | १००००००।०० |
| जम्मा | | २०९७१००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 52.5 | | आयकर ऐन २०५८ को दफा ८८ अनुसार कट्टा गर्नुपर्ने अग्रिम आयकर कट्टा नभएको हुदा निम्नानुसार कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने रु. | 53571.70 | | |

| भौ.नं./मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १५२/०७२।१।२५ | वन बातावरण पत्रकार समुह | २७५२५।०० | २ लाख भुक्तानीमा रु.२४७५।०० मात्र कर कट्टा भएकोले १५प्रतिशतले नपुग कर |
| २८०।०७२।३।२८<br>२०७।०७२।३।३ | आस्था नेपाललाई भुक्तानी | २६०२१।७० | भ्याट वाहेक रु.१७३४७७९।०० भुक्तानीमा १.५ प्रतिशत कर नलिएको |
| | जम्मा | ५३५७१।७० | |

| | | | | | |
|---|---|---|---|---|---|
| 52.6 | | स्थानीय अनुकुलन कार्य योजना ( LAPA ) कार्यान्वयन सबन्धि सम्झौता पत्रानुसार अति संकटासंन्न अवस्थामा रहेका परिवारहरुको अनुकुलन क्षमतामा बृद्धि गरी तिनीहरुमा पर्ने जलवायू परिवर्तनका नकारात्मक असर बारे अध्ययन र कार्यक्रम संचालन गर्न बोलपत्रको माध्यमबाट छनौट भएको आस्था नेपाल संस्थालाई रु.१९६०३०१।१४ भुक्तानी भएको छ। मिति ०७२ आषाढ मसान्त सम्म म्याद रहेकोमा काम समयमा सम्पन्न गरेतापनि दुई पटक गरी रु.१७६५७०२।०० पेश्की दिदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ बमोजिम बैक जमानत नलिई पेश्की दिएको पाईयो। यसरी बैक ग्यारेन्टी वेगर पेश्की दिनु त्रुटीपूर्ण देखिएको छ। सम्झैताको बुदा १० अनुसार कार्यक्रम सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदन दिनुपर्ने , बुदा ११ बमोजिम सम्झौता पत्र साथ संलग्न अनुसूची १ र२ बमोजिम अनुगमन मूल्यांकन हुनुपर्ने र बुदा १२ अनुसार सार्वजनिक लेखा परीक्षण हुनुपर्ने भन्ने रहेकोमा सो भएको पाईएन। | | | |
| 53 | | **मुल्यअभिबृद्धी कर भुक्तानीको जानकारी :** मूल्यअभिबृद्धी कर नियमावली २०५३ को नियम ६ ( क) अनुसार वस्तु वा सेवा खरिदमा मूल्यअभिबृद्धि कर भुक्तानी गर्दा यसको जानकारी आन्तरिक राजस्व कार्यालयलाई तुरुन्त दिनु पर्नेमा यस कार्यालयबाट यो वर्ष भुक्तानी भएका मूल्यअभिबृद्धि करको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 54. | | वातावरण परिक्षण नियमावली २०५४ को नियम ११ (१) अनुसार बातावरणीय मैत्री उत्पादन क्षमता (I.E.E.) यो जिल्लाका लागि पेश भए अनुसार आर्थिक वर्ष २०७१।७२ का लागि ५२२९८० घन मिटर ढुंगा बालुवा गिट्टीको परिमाण झिक्न पाउने गरी स्वीकृत भएकोमा खुटीया आदि तीन घाटबाट त्यतिनै परिमाण झिक्न पाउने गरी ठेक्का बन्दोवस्त गरेकोमा निर्माण व्यवसायीबाट कति परिमाण झिकीयो । सो सम्बन्धमा हिसाव राखेको पाईएन । यसबाट वातावरणीय मैत्री उत्पादन क्षमताको अवस्थाको एकिन हुन सकेन । | | | |
| 55 | | स्वीकृत दरवन्दी अनुसार १ जना योजना अधिकृत रहेकोमा यो कार्यालयमा करिव ८५० भन्दा माथिको संख्यामा योजना संचालन रहेको जिल्लामा योजना अधिकृत श्रावण देखि मंसिर र फागुन देखि हालसम्म खाली रहनु र पौष , माघ , फागुनमा काजमा आएको योजना अधिकृतबाट कार्य संचालन भएको देखियो । यस कार्यालयका योजना अधिकृत यसरी योजना संचालन हुने स्थानमा योजना अधिकृत नरहनुबाट भए गरेका कामको योजनागत अनुमान एवं परिक्षणमा भरपर्दो अवस्था छ भन्ने स्थिती देखिएन । सम्बन्धित निकायबाट योजना अधिकृतको पदपूर्ति हुनुपर्ने देखिन्छ । | | | |
| 56 | | यस कार्यालयबाट यो वर्ष निम्नानुसार सर्भे कार्य गरेकोमा सम्बन्धित कामको नर्म्स तथा आधारको स्वीकृत विवरण पेश नगरी खर्च लेखेको पाईएकोले नर्म्स एकिन गरी निमिमत गर्नुपर्ने रु. | 529746/- | | |

| ब.उ.शि.न. | भौ.नं./मिति | विवरण | भुक्तानी लिनेको नाम | रकम |
|---|---|---|---|---|
| ३६५८०४४ | १३/०७२।३।२३ | खानेपानीको ६ स्किमको सर्भे | स.ई.सन्जिव कुमार साह | २८२७५०।०० |
| ३६५८०८४ | ४७/०७२।३।२८ | स्थानीय यातायात कृषि सडक | स.इ.सन्जिव कुमार साह | २४६९९६।०० |
| | | जम्मा | | ५२९७४६।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **ब.उ.शि.नं.३६५८०९४ झोलुगे पुल** | | | |
| 57 | 29-072-3-28 | झोलुगे पुलहरुको प्राविधिक तथा सामाजिक सेवा प्रदान गर्न नियुक्त परामर्शदाता सु.प.सामुदायिक विकास मन्चलाई सेवा शुल्क वापत रु.५४१०२।३५ भुक्तानी भएकोमा आयकर ऐन २०५८ दफा ८८ बमोजिम १५प्रतिशत आयकर कट्टा गनुैपर्नेमा १.५प्रतिशत कट्टी गरेकोले नपुग कर असुल हुनुपर्ने रु. | 7417.35 | | |
| | | **ब.उ.शि.नं.३६५८३१४ स्थानीय स्तरका सडक पुल** | | | |
| 58 | 7-072-3-1 | काडा नदी सडक पुल निर्माण गर्न गतवर्ष ठेकका भई राजेन्द्र/थेगीम/एडभेन्चर जेभीले मोविलाईजेसन पेश्की वापत रु.६६ लाख लगि सकेको र यो वर्ष प्रथम रनिङ विल वापत भनि रु.१५६६०९०१।०० भुक्तानी लगेको पाईयो । सम्झौता अनुसार २०७२।६।२५ मा सम्पन्न गर्नुपर्ने कामको प्रगति हालसम्म न्युनतम रहेको भन्ने जवाफ प्राप्त भएको छ । यो काम रु.७६३४८१९४।६२ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उचित प्रगति नहुदा समेत सम्बन्धित निकायबाट कार्य सम्पन्न गराउने तर्फ कारवाही भएको पाईएन भने ठेकेदारबाट म्याद थपको | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लागि निवेदन पेश गरको समेत देखिएन । | | | |
| | | **३३७१६५३ सडक वोर्ड नेपाल** | | | |
| 59 | 12-071/11/6 | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १३३ अनुसार कार्यसम्पन्न हुनुपर्ने काम नियमानुसार सम्पन्न भएको देखिएन । मिति २०७१।३।१ मा सम्पन्न गर्ने गरी गतवर्ष शुरु भएको ठेक्का २०७१।६।२५ सम्म म्याद रहेपनि २०७१।११।६ सम्म म्याम थप नगरी सुखड खैलाड भजनी सडक मर्मतको काम कुवर विर्ल्डले ११४८९३३।३८ मा सम्पन्न गर्ने कवोल गरेकोमा १६प्रतिशतमात्र सम्पन्न गरी रु.१८९६९४।२३ मा उक्त काम सम्पन्न भनि रकम भुक्तानी गरी निर्माण व्यवसायीलाई फरफारक गरेको देखियो । लगत अनुमान रु.१९१५९६४।८६ रहेको काम रु.११४८९३३।३८ मा सम्पन्न गर्ने कवोल भएकोमा रु.१८९६९४।२३ को काम गरेकोलाई सम्पन्न प्रतिवेदन समेत तयार नगरी भुक्तानी गर्नुमा सम्बन्धित निकायले निर्माण व्यवसायीको हितलाई ध्यान दिएको देखियो । उक्त काम सम्पन्न गर्न तत्कालिन दर विश्लेषण अनुसार अतिरिक्त भार रु.१७२६२७१।५९ पर्न जाने देखिएको हुदा छानविन हुनुपर्ने रु. | 1726271.49 | | |
| 60 | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ बमोजिम सार्वजनिक निकायले ऐनको दफा ६३ अनुसार निम्न वोलपत्रदाताले सम्झौता अनुसार हालसम्म कुनै काम शुरु गरेको नदेखिदा पनि ठेक्का संचालन या तोडने सम्बन्धमा कुनै कारवाही भएको पाईएन । मिति २०७२।३।१५ मा सम्पन्न गर्नुपर्ने काम मिति २०७१।१२।१७ देखि हालसम्म काम शुरु नगर्ने निर्माण व्यवासायीको धरौटी जफत गरी यस सम्बन्धि विस्तृत विवरण खुलाई सम्बद्ध कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउनु पर्ने व्यवस्था अनुसार कालो सूचीमा राख्ने प्रक्रिया गर्नुपर्ने र धरौटी जफत गर्नुपर्ने रु. | 95500/- | | |

| कामको नाम | निर्माण व्यवसायीको नाम | कवोल अंक | धरौटी रकम |
|---|---|---|---|
| पहलमानपुर अम्वासा लालबोझी सडक | जय निर्माण सेवा | ३६५८८२।७० | ४८०००।०० |
| चुहा सुतैया लोहागढ मरियाघाट सडक | शाही कन्स्ट्रक्सन सर्भिस बलिया | ३२५४१२।८८ | ४७५००।०० |
| | जम्मा | | ९५५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **जि.वि.स.कोष तर्फ** | | | |
| | | आन्तरिक कोष पूजिगत कार्यक्रम | | | |
| 61 | 2-071/4/29 | उर्जा अधिकृत दिपेश ठाकुरले बायू ग्यास तथा सुधारिएको चुलो सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरेको भनि विल पेश गरी रु.४ लाख पेश्की फछ्यौंट गरेकोमा गाडी भाडा वापत रु.५७६००।०० र फोटोकपी गरेवापत रु.११९१८०।०० खर्चको पुष्टयाई र आधार नरहेको हुदा प्रमाण पेश गर्नुपर्ने रु | 176780/- | | |
| 62 | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार एकल वोर्डको निर्णयबाट वित्तीय काम गर्ने सशक्ति वचत तथा ऋण सहकारी | 1100000/- | | |

<table>
<tr><td></td><td></td><td>संस्थालाई रु. ६ लाख र मोहन्याल बचत तथा ऋण सहकारी संस्थालाई रु.५ लाख समेत ११ लाख अनुदान दिन मिल्ने प्रावधान देखिदैन। यसरी नियम विपरित व्यापारिक वित्तीय संस्थालाई एकलवोर्डको निर्णयबाट अनुदान दिएकोमा अनियमित देखिएको रु.</td><td></td><td></td><td></td></tr>
<tr><td>63</td><td>219-072/3/15</td><td>घटी जनश्रमदान : पचमुरिया गाउ विद्युतीकरण निर्माण उ.स.खैलाड ९ कैलालीलाई रु.६ लाखको योजना सम्झौता गर्दा उपभोक्ता समितिको योगदान वापत जम्मा रु.१६५३।९० मात्र रहेकोले नियमानुसार श्रमदान कम्तीमा १० प्रतिशतले रु.६००००।०० हुनुपर्नेमा नभएकोले उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.</td><td>58346.02</td><td></td><td></td></tr>
<tr><td>64</td><td></td><td>म.ले.प.फा.नं. २ र ८ नराखेको: आर्थिक कारोवार ऐन २०५५ को दफा १० (२) मा कारोवारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले कार्यालयमा भएका मेशिनरी औजारहरु मरम्मत गर्दा नियमानुसार राख्नुपर्ने म.ले.प.फा.२ राखेको पाइएन भने कार्य संचालन स्तर लेखामा म.ले.प.फा.८ (बजेट शीट) राखेको पाइएन जसले गर्दा सम्बन्धित शिर्षकमा खर्च भएको रकम लाई यकिन गर्न सक्ने आधार भएन।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>धरौटी तर्फः</td><td></td><td></td><td></td></tr>
<tr><td>65</td><td></td><td>सार्वजनिक खरिद नियमावली को नियम १२४ (२) अनुसार कट्टी गरेको धरौटी रकम सम्बन्धित निर्माण व्यवसायीले अनन्तरिक राजश्व कार्यालयमा आय विवरण पेश गरेको प्रमाण पेश गरेपछि भुक्तान दिनुपर्ने व्यवस्था छ। कार्यालयले तल उल्लेखित निर्माण व्यवसायीहरुलाई धरौटी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयको कर समायोजन पत्र नलिई धरौटी फिर्ता गरेको हुंदा उक्त निर्माण व्यवसयीहरुबाट कर समायेजन पत्र मांग गर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>153160.00</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>गो.भौ.नं.</th><th>निर्माण व्यवसायीको नाम</th><th>धरौटी फिर्ता</th></tr>
<tr><td>13-071/9/6</td><td>के.वि.निर्माण सेवा धनगढी</td><td>6550.00</td></tr>
<tr><td>14-071/9/6</td><td>प्रसंशा कन्स्ट्रक्सन</td><td>12510.00</td></tr>
<tr><td>15-071/9/6</td><td>गोरिल निर्माण सेवा</td><td>6570.00</td></tr>
<tr><td>16-071/9/6</td><td>रुद्रावती निर्माण सेवा</td><td>6550.00</td></tr>
<tr><td>17-071/9/25</td><td>टप कन्स्ट्रक्सन</td><td>120980.00</td></tr>
<tr><td></td><td>जम्मा</td><td>153160.00</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>66</td><td></td><td>आन्तरिक आय ठेक्का अन्तर्गत यो वर्ष व्यवसायीले बुझाउनु पर्ने अन्तिम किस्ता धरौटी रकमबाट मिलान गर्ने गरी निवेदन दिए बमोजिम किस्ता मिलान भएको रकम हालसम्म धरौटीमा रहेकोले उक्त रकम धरौटीबाट झिकी आन्तरिक आय खातामा दाखिलागर्नुपर्ने रु.</td><td>729600/-</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>ठेकेदारको नाम</th><th>धरौटी रकम</th></tr>
<tr><td>न्यू स्टार कन्स्ट्रक्सन</td><td>६८००००।००</td></tr>
<tr><td>सोमदास रैदास</td><td>१७६००।००</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

| | |
|---|---|
| रामविनय सहनी | ३२०००।०० |
| जम्मा | ७२९६००।०० |
| | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **आन्तरिक कोष चालु खर्च** | | | |
| 67 | 49-071/5/20 | आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(२) मा सम्बन्धित बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने छ । कार्यालयले मिरा सप्लायर्स धनगढीबाट फोटोकपी १५ रिम समेत १२ आईटम समान खरिद गरी रु.४६९३४।०० भुक्तानी दिएकोमा खरिद मिती २०७१।३।२२ छ भने खरिद आदेश २०७१।३।३१ मा भएको छ । अधिकार प्राप्त अधिकारीबाट खरिद आदेश स्वीकृत गराई मात्र सामान खरिद गर्नु पर्दछ। | | | |
| 68 | | सहुलियत भत्ता : स्थानीय स्वायत्त शासन नियमावली , २०५६ को नियम २५७(१) अनुसार स्थानीय निकायले सो निकायमा कर्मचारीको पारिश्रमिक भत्ता अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामति कर्मचारीले पाउने तलब भत्ता तथा सुविधालाई आधार मानी आफ्नो आम्दानी तथा खर्चको सिमा भित्र रही निर्धारण गर्नुपर्ने छ। साथै , संघीय मामिला स्थानीय विकास मन्त्रालयको निर्देशनानुसार निजामति कर्मचारीहरुको तलवमानलाई आधार मानी स्थानीय निकायका कर्मचारीहरुको तलबमान निर्धारण गर्नुपर्ने तथा वार्षिक तलब बद्धिसमेत निजमाति कर्मचारी सरह नै उपलव्ध गराउनु पर्ने व्यहोरा उल्लेख छ । यस कार्यालयले जिल्ला विकास समितिको, स्थानीय विकास कोष सचिवालय , जिल्ला प्राविधिक कार्यालय समेत ६३ जना कर्मचारीहरुलाई आधारभूत तलबको ३० प्रतिशतका दरले मासिक रुपमा एकमुष्ठ भत्ता वितरण गरेको देखियो। यसरी भत्ता वितरण गर्दा फिल्ड भत्ता प्राप्त गर्ने प्राविधिक कर्मचारीहरुलाई दोहोरा पर्ने गरि भत्ता वितरण गरेको छ। कार्यालयको प्रशासनिक खर्च पनि कानुनले तोकेको सिमाभित्र रहेको छैन । कर्मचारीहरुलाई थप सुविधा प्रदान गरी उनिहरुको उत्प्रेरणा र मनोवलमा सुधार गरेर गुणस्तरीय सेवा प्रवाह र कार्य सम्पादनमा सुधार ल्याउने कार्य उचित नै हो तर कर्मचारीहरुले कार्य कुशलता र सेवा प्रवाहमा सुधार सहित गुणस्तरीय कार्य सम्पादन गरे पनि वा परम्परागत शैलीमा कार्य सम्पादन गरेपनि समान रुपमा भत्ता वितरण गर्नलाई उचित मान्न सकिदैन। यस किसीमको थप भत्ता वितरणले कार्य सम्पदान सुधार आउन सक्दैन , तसर्थ प्रोत्साहन भत्ता वितरण गर्दा प्रशासनिक खर्च खर्चको सिमा भित्र रही दोहोरो सुविधा नपर्ने गरी नेपाल सरकारले आन्तरिक राजस्व कार्यालय , कोष तथा लेखा नियन्त्रक कार्यालय , विभिन्न तहका अदालतहरु आदिमा जस्ते कार्य सम्पादनमा आधारित सुचकहरु तयार गरी सोही बमोजिम कार्यसम्पदान स्तरको आधारमा मात्र भत्ता वितरण गर्नुपर्ने देखिएको रु. | 4112960.07 | | |

| सि.नं. | भौ.नं.मिति | महिना | रकम |
|---|---|---|---|
| १ | ९।०७१।५।२ | श्रावण | ३३५०४६।०० |

| | | | |
|---|---|---|---|
| २ | ६५।०७१।६।२ | भाद्र | ३२७७२६।०० |
| ३ | ११७।०७१।६।३० | असोज | ३२०५८३।८७ |
| ४ | १६४।०७१।७।२८ | कार्तिक | ३३५२६२।०० |
| ५ | २१५।०७१।९।७ | मार्ग | ३५३५१४।०० |
| ६ | ३०८।०७१।१०।२६ | पौष र माघ | ६९८१९०।०० |
| ७ | ३६१।०७१।११।२० | फागुन | ३५३८६२।०० |
| ८ | ४४०।०७१।१२।२७ | चैत्र | ३५३८६२।०० |
| ९ | ५०८।०७२।१।२८ | बैसाख | ३५५३९०।२० |
| १० | ५८९।०७२।२।२४ | जेष्ठ | ३४२५८२।०० |
| ११ | ७३१।०७२।३।१० | आषाढ | ३३६९४२।०० |
| | जम्मा | | ४११२९६०।०७ |

फिल्ड भत्ता तर्फ :यसरी ३० प्रतिशत सहुलियत भत्ता खाईसकेपछि फिल्ड भत्ता समेत खाएको हुनाले दोहोरो परेको हुदा असुल हुनुपर्ने रु. 1404000/-

| सि.नं. | पद | नाम | वर्षिक फिल्ड भत्ता |
|---|---|---|---|
| १ | प्र.जि.ई. | प्रेमदत्त भट्ट | ९६०००।०० |
| २ | ई. | परमानन्द जोशी | ९६०००।०० |
| ३ | ई. | बालदीप शर्मा | ९६०००।०० |
| ४ | ई | विमल के.पी. | ९६०००।०० |
| ५ | ,, | दाताराम जोशी | ९६०००।०० |
| ६ | स.ई. | केवल चौधरी | ८४०००।०० |

| | | | |
|---|---|---|---|
| ७ | ,, | हरिशर्मा धिताल | ८४०००।०० |
| ८ | ,, | सन्तोष कुमार चौधरी | ८४०००।०० |
| ९ | ,, | सन्जिव कुमार साह | ८४०००।०० |
| १० | अ.स.ई | बालमुकुन्द जोशी | ८४०००।०० |
| ११ | ,, | गोविन्द रोकाया | ८४०००।०० |
| १२ | ,, | भरत बहादुर शाह | ८४०००।०० |
| १३ | खापासटे | लोक बहादुर विष्ट | ८४०००।०० |
| १४ | ,, | हिमाल दनुवार | ८४०००।०० |
| १५ | ,, | सोमराज ओभा | ८४०००।०० |
| १६ | प्रा.खरिदान | रुद्र प्रसाद गिरी | ८४०००।०० |
| | | जम्मा | १४०४०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **३६५०१३जि.वि.स.अनुदान** | | | |
| 69 | 48-071/5/20 49-071/5/20 | ठाकुर ट्रेड एण्ड सप्लायर्स को ६ थान विलको रकम भुक्तानी दिदा रु ९५८८/०० भुक्तानी हुनु पर्नेमा रु १२९२३/०० भुक्तानी भएको र मिरा सप्लायर्सलाई ४ थान विलको रकम भुक्तानी दिदा रु. ४६५२४/०० दिनु पर्नेमा ४६९३४/०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको असुल हुनु पर्ने रु. | 3735/00 | | |
| 70 | 187-072/1/28 | कार्यालयमा माथिल्लो पदमा निमित्त भई १५ दिन भन्दा बढी काम गर्दा सो अवधीमा आफुले खाईपाई आएको तलबमानमा माथिल्लो पदको शुरु तलबको फरकअंक मात्र भुक्तानी गर्ने र संचयकोषमा रकम पठाउदा साविकको पदबाट रकम १०प्रतिशत कट्टी गरेर १० प्रतिशत थप गरी पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले खैलाड गा.वि..स.का सचिव विष्णुदत्त भट्टलाई भजनी त्रिशक्ति नगरपालिकामा निमित्त कार्यकारी अधिकृत भै कामकाज गरेको अवधीको माथिल्लो पदको शुरु तलब भुक्तानी दिई सोही तलबबाट क.सं.कोष कट्टी गरेर पठाएकोले बढी भुक्तानी भएको रु. | 2200/- | | |
| 71 | 381-072-3/28 | आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले दिनेश फर्निचर उद्योग धनगढीलाई रु.९७१८।०० भुक्तानी दिएकोमा कुनै पनि कागजात संलग्न रहेको नपाईएकोले प्रमाण पेश हुनुपर्ने रु. | 9718/- | | |
| 72 | 399- | आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ११९(१) मा कार्यालयले दैनिक रुपमा गर्नुपर्ने साना तिना खर्चका लागि | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | 072/3/28 | केन्द्रीय स्तरका कार्यालयहरुले रु २५०००।०० सम्म र अन्य कार्यालयले रु १५०००।०० सम्म कुनै कर्मचारीको नाममा पेश्की जनाई नगद मौज्दात राख्न सकिने व्यवस्था छ। तर यस कार्यालयले रु.७००००।०० सम्मको सानो नगदी कोष राख्ने गरेकोले नियम विपरित यस्तो कोष राख्ने प्रकृया वन्द गर्नुपर्दछ। | | | |
| 73 | 401-072/3/28 | आयकर ऐन,२०५८ को दफा ८८(१) मा वासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याज,प्राकृतीक श्रोत ,भाडा रोयल्टी सेवा शुल्क , कमिसन वा विक्री वोनस र अवकास भुक्तानी रकम गर्दा कुल भुक्तानी रकमको १५प्रतिशत कर कट्टी गर्ने व्यवस्था छ। कार्यालयले सु.प.सामुदायिक मन्च धनगढीलाई फो.पु.म्याचिङ वापतको रकम रु.१९४११७।०० यस खाताबाट भुक्तानी गरेकोमा मु.अ.कर विजक नभएकोमा १५प्रतिशत कर लिनुपर्नेमा १.५ प्रतिशतले मात्र कर लिएको हुदा नपुग कर असुल गर्ने रु.. | 26144.55 | | |
| 74 | 404-072/3/28 | आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्ने व्यवस्था छ। कार्यालयले रु.९६६९५।०० पुरवार इन्टरप्राईजेज धनगढीलाई रकम भुक्तानी गर्दा समावेस गरेको कागजमा सादा कागज र अफिसको लेटरप्याडमा पुरवार इन्टरप्राईजेज धनगढीलाई सम्बोधन गरी पत्र वाहकलाई ५० लिटर पेट्रोल , ४० लिटर डिजल दिने जस्ता ठाडो तोक लगाएको गाडी नम्बर उल्लेख नभएको पाईयो। जसमा लगबुक समेत संलग्न छैन। यसरी चित प्रयोग नगरी कुपन द्वारा इन्धन खर्च गर्ने तर्फ सुधार हुनुपर्ने देखियो। | | | |
| 75 | 411-072/3/30 | खडक मेमोरियल ई.बोडिङ स्कूल भवन निर्माण उ.स.टिकापुर ९ लाई भवन निर्माण कार्यको भुक्तानी रु.९१००२०।०० गरेको छ। जसको लागि लागत अनुमान रु.२०७६६३८।५५ र प्राविधिक मूल्यांकन २०७१३४३।३५ छ। यसरी अनुमान भन्दा कम काम गर्दा सोही आधारमा कम मात्र रकम भुक्तानी गर्नुपर्नेमा पुरै रकम रु.९१००२०।०० भुक्तानी भएकोले फिर्ता गर्नुपर्ने रु. | 4615/- | | |
| | | | | | |
| 76 | | **आन्तरिक लेखा परिक्षणबाट कायम भएका बेरुजुहरु** | | | |
| | | आन्तरिक लेखा परीक्षणबाट कायम भएका निम्नानुसारका बेरुजु अन्तिम प्रतिवेदनमा समावेस गरिएको छ। आन्तरिक लेखा परीक्षणबाट कायम भएका बेरुजु समयमै फछ्यौट गर्ने तर्फ ध्यान दिनु पर्ने देखिएको रु. | 1341223.86 | | |

| कार्यक्रम | भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|---|
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | १७/०७१।११।२६ | क्षेत्रभन्दा विपरित खर्च | १०००००।०० |
| ,, | २३३/०७२।३।२ | प्रमाण वेगर खर्च | ५००००।०० |
| ,, | २८१/०७२।३।२० | दोहोरो खर्च | २२७५००।०० |
| जि.वि.स.अनुदान | ४०१/०७२।३।२८ | सैद्धान्तिक | |

| | | | |
|---|---|---|---|
| जि.वि.स.कोष चालु | ३१७/०७१।१०।२७ | पेश्की कायम हुनुपर्ने | ७५०००।०० |
| ,, | ४३६/०७१।१२।२० | अनियमित | ४६६०५०।०० |
| ,, | ४७६।०७२।१।२४ | अनियमित देखिएको | ६०००००।०० |
| ,, | ५७७/०७२।२।२० | प्रमाण पेश हुनुर्पे | २०००००।०० |
| जि.वि.स.कोष पुजिगत | ६३।०७१।११।२१ | असुल हुनुपर्ने | २६१७३।८६ |
| ,, | १६१।०७२।२।५ | प्रमाण पेश हुनुपर्ने | ६००००।०० |
| कन्टेन्जेन्सी | ९६/०७२।२।१३ | अनियमित | ३००००।०० |
| स्था.स्वा.तथा सा.वि.का. | ५९/०७२।३।२० | प्रमाण पेश हुनुपर्ने | ४६५००।०० |
| ,, | ६०/०७२।३।२० | सैद्धान्तिक | |
| सामाजिक सुरक्षा कार्यक्रम | | सैद्धान्तिक | |
| ग्रामीण जलश्रोत व्य.पुजिगत | | सैद्धान्तिक | |
| ,, चालु | | सैद्धान्तिक | |
| आन्तरिक आय खाता | | सैद्धान्तिक | |
| जम्मा | | | १३४१२२३।८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| 77 | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१)मा प्राविधिक नाप जांच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल र बिजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। साथै नापी किताब तयार गर्दा म.ले.प.फा.नं.१९२ नापी किताब नियन्त्रण खातामा प्रविष्टी गरी सिलसिलेवार नम्बर राखी, साईट रजिष्टर र आईटमवाईज रजिष्टरको आधारमा मात्र नापी किताब प्रयोग गर्ने व्यवस्था रहेकोमा नापी किताब नियन्त्रण खाता प्रयोगमा ल्याइएको देखिएन। | | | |
| ७८ | | प्र.जि.ई.प्रेमदत्त भट्टले खाइपाइ आएको मासिक तलब रु.२७३७०।०० हुनुपर्नेमा रु.२७७३०।०० भएको हुँदा बार्षिक क.सं.कोष र भत्ता थप एवं दशै खर्च समेतमा बढी भुक्तानी भएकोले बेरुजु दाखिला गर्नुपर्ने रु. | ६४०८।- | | |
| 79 | | **सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन** — आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१ (४) मा उपदफा ३ बमोजिम प्रतिनिधि सभा सार्वजनिक लेखा समितिमा छलफल भई प्रतिनिधि सभामा पेश गरेको सुझाव प्रतिनिधि सभाबाट स्वीकृत भएपछि उक्त प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित मन्त्रालयको हुनेछ भन्ने उल्लेख छ। महालेखा परीक्षकको कार्यालयको ४६ औं, ४७ औं र ४८ औं वार्षिक प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा छलफल भई मिति २०६९।१।१० मा उक्त निर्णय मन्त्रालयमा कार्यान्वयको लागि पठाएको छ। उक्त निर्णय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट जिल्ला विकास समितिको कार्यालय, बर्दियामा कायान्वयनका लागि लेखि पठाएको पाइएन । सार्वजनिक लेखाको विषयमा सर्वोच्च संस्थाले गरेको निर्णयलाई सक्रियताका साथ कार्यान्वयन नगर्दा लेखा र लेखापरीक्षणमा देखिएका समस्याहरुमा थप सुधार हुनसक्ने स्थिति देखिदैन। वित्तिय अनुसाशन पालन सुदृढ हुन सार्वजनिक लेखा समितिको निर्णय | | | |

र निर्देशन कार्यान्वयन हुनुपर्दछ ।

80

**बेरुजुको लगत र संपरीक्षण :**

**गत विगत वर्षको बेरुजु फछ्र्यौट :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०४ (१) बमाजिम लेखापरीक्षणबाट कायम भएका वेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकारी प्राप्त अधिकारीको हुने छ भन्ने उल्लेख छ । कार्यालयवाट लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार गत विगत वर्षको बेरुजु फछ्र्यौटको विवरण निम्नानुसार रहेको छ ।

| गत आ.व.सम्मको बेरुजू बांकी | यस आ.व.मा बेरुजु फछ्र्यौट ०७१।७२ | बांकी बेरुजु |
|---|---|---|
| ३९८५७१७१६।३१ | १३३०५१००३।०० | २६५५२०७१३।३१ |

समयमा नै वेरुजु फछ्र्यौट नगर्दा वेरुजु माथि वेरुजु थप हुदै जाने र वेरुज अंक परिमाण बढ्दै जाने अवस्था देखिन्छ । तसर्थ कार्यालयले बाँकी बेरुजु समयमानै फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

80.s

**सम्परीक्षण :** आर्थिक कार्यबिधि ऐन २०५५ को दफा १८ मा लेखापरीक्षणबाट औल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार ब्यक्तिको हुने तथा दफा १९ मा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुंदा औल्याइको बेरुजुको सम्बन्धमा सो बेरुजुको सुचना प्राप्त भएको ३५ दिन भित्र सम्बनधित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने ब्यबस्था छ । यस बर्ष कार्यालयले आर्थिक वर्ष २०७१।०७२ को दफा १८ (थ) मा उल्लेखित सामाजिक सुरक्षा भत्ता वितवरण वाँकी पेश्की रु. १११८९८०४८।०० (४२ गा.वि.स. र ३ न.पा) मध्ये २ न.पा. र ३३ गा.वि.स. को रु. ८३४५३६००।०० को भत्ता वितरणको भर्पाई र रु.६१०९१००।०० को बेरुजु दाखिलाका बैक भौचर एंव ग्रामिण जलस्रोत तथा ब्यवस्थापन कार्यक्रम को दफा नं. ५१ मा कायम रहेको उपभोक्त समितीलाई दिएको पेश्की रु. ४३०९१८१।०० को फर्छौटको फाँटवारी समेत रु. ९३८७१८८१।०० कार्यालयले फछ्र्यौट गरी लगत कट्टाको लागी अनुरोध गरे अनुसार संपरिक्षण गरिएको छ ।

80 v

लेखापरिक्षण योजना अनुसार छनौट गरिएका ठुला दुई चौमाला र खैलाड गा.वि.स एवं सानोमा खैराला गा.वि.सको वडा नं. २, ४ ,६ को मात्र सामाजिक सुरक्षा भत्ता वितरण गरेको भपाई परिक्षणको आधारमा २ न.पा. र ३५ गा.वि.स.को भत्ता वितरणको भर्पाई परिक्षण नगरी संपरिक्षण सम्पन्न गरिएको छ। परिक्षण गरिएका गा.वि.स.को मुल खातामा नाम नरहेका निम्नानुसारका ब्यक्तिहरुले रकम बुझेको भर्पाई राखि पेश्कि पछ्यौट गरेकोमा अनियमित देखिएकोले असुल हुनु पर्ने रु. ५७५००|००

| गा.वि.स.को नाम | वडा नं. | ब्यक्तिको नाम | भत्ता रकम |
|---|---|---|---|
| चैमाला | ६ | धनराम साउँद | २०००|०० |
| चैमाला | ६ | गर्भु थारु (२ स्थान) | ४०००|०० |
| चैमाला | ४ | सिसिरवावु रसाईली | १८००|०० |
| चैमाला | ४ | प्रतिभा कुमारी रसाईली | १८००|०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | चैमाला | ४ | सागर सार्की | २४००।०० | | | |
| | | चैमाला | ४ | भरत वि.क. | २४००।०० | | | |
| | | चैमाला | ४ | पूजा वि.क. | २४००।०० | | | |
| | | चैमाला | ४ | सुस्मिता वि.क | २४००।०० | | | |
| | | चैमाला | ४ | सन्तोस वि.क | २४००।०० | | | |
| | | खैलाड गा.वि. स. | ४ | सर्जु राजी | ४०००।०० | | | |
| | | खैलाड गा.वि. स. | ४ | कौशिला राजी | ४०००।०० | | | |
| | | खैलाड गा.वि. स. | ४ | सुन्दर राजी | ४०००।०० | | | |
| | | खैलाड गा.वि. स. | ४ | जालु राजी | ४०००।०० | | | |
| | | खैलाड गा.वि. स. | ४ | प्रिया राजी | ४०००।०० | | | |
| | | खैलाड गा.वि. स. | ४ | रिया कुमारी राजी | ४०००।०० | | | |
| | | खैलाड गा.वि. स. | ४ | आशिष राजी | ४०००।०० | | | |
| | | **जम्मा रु.** | | | **५६०००।००** | | | |
| | | मसुरिया गा.वि.स.ले फिर्ता गरेको रु.१५००।०० राजश्व दाखिला गरेको नदेखिएको रु. | | | १५००।०० | | | |
| | | **कुल जम्मा रु.** | | | **५७५००।००** | | | |
| | | लेखापरीक्षणको सिलसिलामा प्राविधिक कर्मचारीले दिनु पर्ने पुष्ट्याई तथा सम्वन्धीत कर्मचारीबाट आवश्यक सहयोग समयमा नहुँदा लेखापरीक्षण कार्यमा सहज अवस्था रहन नसकेकोले यस सम्वन्धमा सुधारका लागि सम्वन्धित निकायको ध्यान जानु पर्ने देखियो । | | | | | | |
| | | उपरोक्त शिर्षक बाहेक अन्यमा उल्लेख्य बेरुजु नदेखिएको | | | | | | |